निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# वार्षिक प्रतिवेदन
# २०७१/२०७२




## निर्वाचन आयोग, नेपाल
### कान्तिपथ, काठमाडौं
### २०७२

# वार्षिक प्रतिवेदन

## २०७१/७२

## निर्वाचन आयोग, नेपाल

कान्तिपथ, काठमाडौं

२०७२

प्रकाशक

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं
फोन नं. ०१–४२२३१६५
इमेल info@election.gov.np
वेबसाइट www.election.gov.np

प्रकाशन : २०७२ पौष
प्रकाशित : ५०० प्रति
प्रति

मुद्रक
सोपान प्रेस प्रा. लि., डिल्लीबजार, काठमाण्डौ
०१–४४४२२०६

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

k=;+r=g=/Ref:

**वार्षिक प्रतिवेदन, २०७१/७२**

निर्वाचन आयोग ऐन, २०६३ को दफा ४२ अनुसार निर्वाचन आयोगले आर्थिक वर्ष २०७१/७२ (वि.सं. २०७१ साल श्रावण १ देखि २०७२ साल आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कार्यहरूको विवरण समेटी वार्षिक प्रतिवेदनका रूपमा प्रकाशन गरेका छौँ।

इला शर्मा
निर्वाचन आयुक्त

डा .अयोधीप्रसाद यादव
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

२०७२ पौष

sfl6tky, sf7df8f}+ g]kfn, kmf]g g+=-(&&–!_ $@@*^^# . ^ofS;\ -(&&–!_ $@@(@@&
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np

# निर्वाचन आयोग, नेपालका वर्तमान पदाधिकारीहरु



कार्यवाहक प्रमुख निर्वाचन आयुक्त
डा. अयोधीप्रसाद यादव



निर्वाचन आयुक्त
श्री इला शर्मा



सचिव
श्री शारदाप्रसाद त्रिताल

# प्रतिवेदन सारांश

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२८ बमोजिम निर्वाचन आयोग एक स्वतन्त्र संवैधानिक निकायको रूपमा रहेको छ, जसमा प्रमुख निर्वाचन आयुक्त र अन्य चारजनासम्म निर्वाचन आयुक्तहरू रहनसक्ने संवैधानिक व्यवस्था रहेको छ। संविधानको धारा १२९ बमोजिम संविधान र अन्य कानुनको अधीनमा रही संविधानसभा, जनमत संग्रह तथा स्थानीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने मुख्य जिम्मेवारी तोकिएको आयोगले सो प्रयोजनको लागि मतदाताहरूको नामावली तयार गर्ने कार्यसमेत गर्नुपर्ने व्यवस्था रहेको छ । साथै संविधानसभा सदस्यको लागि उम्मेदवारको मनोनयन सम्बन्धमा संविधानको धारा ६५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको निर्णय समेत आयोगबाट हुने संवैधानिक व्यवस्था रहेको छ । कार्यसम्पादनको लागि आयोग अन्तरगत सचिवालय र ७५ जिल्लामा जिल्ला निर्वाचन कार्यालयहरू रहेका छन्। निर्वाचन आयोग ऐन, २०६३ को दफा ४२ बमोजिम आयोगले सम्पादन गरेका कार्यको विवरण वार्षिक प्रतिवेदनको रूपमा प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्थासमेत रहेको छ । सोही व्यवस्था बमोजिम आयोगले आर्थिक वर्ष २०७१/७२ मा सम्पादन गरेका कार्यहरूको वार्षिक प्रतिवेदन तयार गरेको छ।

निर्वाचन विधि र प्रक्रियामा सुधार गर्ने र आफ्नो कार्य प्रणालीमा पारदर्शिता, जवाफदेहिता र विश्वसनीयता सुनिश्चित गर्ने सिलसिलामा सुधारका कार्यहरूलाई निरन्तरता दिन आयोगले रणनीतिक योजना तर्जुमा गरी सुधारका कार्यहरू निरन्तर सम्पादन गरिरहेको छ। यसै क्रममा आयोगले पहिलो रणनीतिक योजना, २०६५-७० को सफल कार्यान्वयनपश्चात् दोस्रो रणनीतिक योजना (२०७१-२०७५) को तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । आयोगबाट सम्पादन हुने सम्पूर्ण कार्यहरू रणनीतिक योजनाले परिलक्षित गरेको प्राथमिकता प्राप्त क्षेत्रहरूलाई केन्द्रविन्दु बनाई कार्ययोजनाको आधारमा कार्यान्वयन भइरहेका छन्। पहिलो योजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरूमध्ये जैविक विवरणयुक्त (बायोमेट्रिक) फोटोसहितको मतदाता नामावली तथा सो को आधारमा मतदाता परिचयपत्र तयार गरी लागू गर्ने कार्य मुख्य उपलब्धिको रूपमा रहेको छ । सो योजनाका अन्य उल्लेखनीय उपलब्धिहरूमा क्षेत्रीय र जिल्ला तहसम्म आयोगको सङ्गठनात्मक संरचनाको विस्तार, दक्ष तथा तालीम प्राप्त जनशक्तिको विकास, विभिन्न भाषामा मतदाता शिक्षा दिनुका साथै केन्द्र र क्षेत्रीयस्तरमा समेत

निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Centre) को स्थापना र  निर्वाचन सञ्चालनमा सुधार रहेका छन् । निर्वाचन प्रक्रियामा सरलीकरण गर्दै मतदाता मैत्री निर्वाचन शिक्षा एवं मतदाता शिक्षालाई व्यापक, प्रभावकारी र पहुँचयोग्य तुल्याउन निर्वाचन शिक्षा तथा सूचना केन्द्रलाई व्यवस्थित रूपमा सञ्चालन गरिएको छ । लक्षित समुदायसम्म निर्वाचन शिक्षाको पहुँचलाई सुनिश्चित गर्न निरन्तर शिक्षा र आमपहुँच (आउटरिच) का कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिएको छ । यसका अतिरिक्त निर्वाचन व्यवस्थापनको लागि राजनीतिक दल, सञ्चार माध्यम, मतदाता तथा अन्य सरोकारवालाहरूसँग सहकार्य तथा नियमित रूपमा समन्वय गरिएको छ ।

आयोग र अन्तर्गतका कार्यालयहरूको सङ्गठन संरचनालाई कार्यप्रकृति, कार्यबोझ आदिसँग सामञ्जस्यता कायम गरी आयोगको सेवा प्रवाहलाई अझ बढी प्रभावकारी र छरितो बनाउने उद्देश्यले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) कार्य सम्पन्न गरिएको छ । आयोगले आफ्नो संवैधानिक दायित्व पूरा गर्ने प्रयोजनको लागि मतदाताहरूको नामावली तयार गर्ने कार्य जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र छानिएका इलाका प्रशासन कार्यालयहरूबाट निरन्तर रूपमा सञ्चालन गरिरहेको छ । यसका अतिरिक्त आवश्यकतानुसार सम्पूर्ण गा.वि.स. तथा नगरपालिकाका वडास्तरमा समेत पुग्ने गरी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रमसमेत सञ्चालन गर्ने गरिएको छ । आयोगले लैङ्गिक तथा समावेशी पक्षलाई उच्च प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आयोगको लैङ्गिक तथा समावेशी नीति, २०७० बमोजिम विभिन्न संरचनाहरूको व्यवस्था गरिनुका साथै आगामी ५ वर्षे लैङ्गिक रणनीति र कार्ययोजनासमेत तर्जुमा गरी कार्यान्वयनको अवस्थामा रहेको छ । निर्वाचन व्यवस्थापनका गतिविधिहरूमा सूचना प्रविधिको प्रयोग गरी चुस्त, दुरूस्त रूपमा कार्य सम्पन्न गर्ने उद्देश्यसहित सूचना प्रविधिका क्षेत्रमा भएका नवीनतम विकासलाई कार्य क्षेत्रमा रूपान्तरण गर्ने दिशामा यस अवधिमा उल्लेखनीय उपलब्धि हासिल भएको छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रूपबाट सञ्चालन गर्नको लागि विद्यमान कानुनी संरचनामा समेत आवश्यक संशोधन गरी अगाडि बढ्ने कार्य भइरहेको छ । निर्वाचनका सरोकारवालाहरूसँगको छलफल तथा परामर्शपश्चात् निर्वाचनको समयमा सरोकारवालाहरूले पालना गर्नुपर्ने आचार संहिताको तर्जुमा गरी आयोगबाट स्वीकृत भएको छ । निर्वाचन आचार संहिता, २०७२ नामक सो आचार संहिता निर्वाचन मिति घोषणापश्चात लागू हुनेछ ।

२०७२ साल बैशाख १२ गते शनिबार गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनबाट आयोग र अन्तर्गतका कार्यालयमा गम्भीर क्षति पुगेको छ । आयोगको केन्द्रीय कार्यालय बहादुर भवनको मुख्य भवनको छत, पर्खाल र जगमासमेत क्षति पुगी चर्किन गएको छ भने अन्य १३ वटा जिल्ला निर्वाचन कार्यालयहरूको भौतिक संरचना

तथा साधनस्रोतमा समेत गम्भीर क्षति पुगेको छ । भूकम्पबाट हुन गएको गम्भीर क्षति एवं प्रभावलाई मध्यनजर गर्दै आयोगले आफ्नो क्षमताको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई प्राथमिकताका साथ सञ्चालन गरिरहेको छ ।

अन्तर्राष्ट्रिय जगतमा आयोगको सम्पर्क एवं समन्वय बढाउने सिलसिलामा सार्क क्षेत्रमा स्थापना गरिएको दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च (Forum of Election Management Bodies of South Asia - FEMBoSA) को पाँचौँ बैठक काठमाण्डौमा सम्पन्न भएको छ ।

❑

# विषय सूची


| | | |
|---|---|---|
| परिच्छेद १ निर्वाचन आयोग : सङ्क्षिप्त परिचय | | १ |
| १.१ | संवैधानिक व्यवस्था | १ |
| १.२ | निर्वाचनसम्बन्धी कानुनी व्यवस्था | ३ |
| १.३ | निर्वाचन आयोगको गठन र साङ्गठनिक संरचना | १४ |
| परिच्छेद २ जनशक्ति तथा सामग्री व्यवस्थापन | | १५ |
| २.१ | मृतक कर्मचारीका परिवारलाई बीमा रकम हस्तान्तरण | १६ |
| २.२ | निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय कार्यशाला स्थगित | १७ |
| २.३ | प्रकाशन तथा वितरण | १७ |
| २.४ | सामग्री हस्तान्तरण | १८ |
| २.५ | लिलामी तथा कागजात धुल्याउने कार्य | १८ |
| २.६ | सामग्री प्राप्ति | १९ |
| २.६ | भूकम्प र त्यसको असर | १९ |
| परिच्छेद ३ योजना, अनुगमन, अनुसन्धान तथा वैदेशिक सम्बन्ध | | २२ |
| ३.१ | वार्षिक समीक्षा तथा दोस्रो रणनीतिक योजना तर्जुमा गोष्ठी | २२ |
| ३.२ | दोस्रो पञ्चवर्षीय रणनीतिक योजना | २३ |
| ३.३ | केन्द्रीय अनुगमन | २६ |
| ३.४ | शान्तिकोष सचिवालयसँगको सहायतामा सञ्चालित परियोजना सम्पन्न | २६ |
| ३.५ | दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायहरू (FEMBoSA) को पाँचौँ बैठक | २६ |
| ३.६ | जग्गा प्राप्ति र भवन निर्माण | २७ |
| ३.७ | लैङ्गिकता तथा समावेशीकरण | २८ |
| परिच्छेद ४ मतदाता नामावली | | २९ |
| ४.१ | मतदाता नामावलीसम्बन्धी कार्यहरू | २९ |

| | | |
|---|---|---|
| ४.२ | विदेशमा रहेका नेपालीहरूको मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धमा अध्ययन | ३१ |
| परिच्छेद ५ निर्वाचन शिक्षा तथा सूचना | | ३३ |
| ५.१ | निर्वाचन शिक्षासम्बन्धमा भएका तालिम तथा प्रशिक्षणहरू | ३३ |
| ५.२ | निर्वाचन शिक्षा तथा सूचना केन्द्रको अवलोकन भ्रमण | ३९ |
| ५.३ | रेडियो कार्यक्रम | ४० |
| परिच्छेद ६ निर्वाचन व्यवस्थापन तथा सञ्चालन | | ४१ |
| ६.१ | संविधानसभा सदस्य उपनिर्वाचन | ४१ |
| परिच्छेद ७ सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन | | ४९ |
| ७.१ | **Continuous Voters Registration** प्रणाली विकास | ४९ |
| ७.२ | नगरपालिकाअनुसार मतदाता नामावली अद्यावधिक | ४९ |
| ७.३ | Oracle डाटाबेसबाट PostgreSQL डाटाबेसमा स्थानान्तरण | ४९ |
| ७.४ | **Training Information Management System (TIMS)** को कार्यान्वयन | ५० |
| ७.५ | विविध | ५० |
| परिच्छेद ८ निर्वाचन कानुन तथा राजनीतिक दल व्यवस्थापन | | ५१ |
| ८.१ | कानुनी विषय | ५१ |
| ८.२ | राजनीतिक दल व्यवस्थापन | ५३ |
| परिच्छेद ९ स्रोत परिचालन | | ५७ |
| ९.१ | स्रोत व्यवस्थापन | ५७ |
| ९.२ | विनियोजन, निकासा र खर्च | ५७ |
| ९.३ | राजश्व/धरौटी | ५८ |
| ९.४ | बेरूजु फछर्यौट प्रगति विवरण | ५८ |
| परिच्छेद १० नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदाउपर सुझाव | | ६० |
| परिच्छेद ११ विविध | | ६४ |
| ११.१ | आयोगबाट विदाइ | ६४ |
| ११.२ | सम्माननीय राष्ट्रपतिज्यूसँग भेटघाट | ६४ |

**परिच्छेद १२ आर्थिक वर्ष २०७१ / ०७२ का मुख्य मुख्य उपलब्धिहरू ,प्रमुख समस्या तथा चुनौतिहरू र समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरू**

| | | |
|---|---|---|
| १२.१ | **आर्थिक वर्ष २०७१ / ०७२ का मुख्य मुख्य उपलब्धिहरू** | ६६ |
| १२.२ | **प्रमुख समस्या तथा चुनौतिहरू** | ६७ |
| १२.३ | **समस्या तथा चुनौतिहरू समाधानका लागि चाल्नुपर्ने कदमहरू** | ६८ |


**तालिकाहरू**


| | | |
|---|---|---|
| तालिका नं.१ | अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० का क्रममा ज्यान गुमाउने कर्मचारीको विवरण | १६ |
| तालिका नं. २ | आयोग र अन्तर्गतका कार्यालयमा भूकम्पबाट पुगेको क्षतिको सङ्क्षिप्त विवरण | १९ |
| तालिका नं. ३ | जिल्ला निर्वाचन कार्यालयहरूको जग्गा तथा भवनको विवरण | २८ |
| तालिका नं. ४ | निरन्तर दर्ता कार्यक्रमबाट भएको मतदाता दर्ता विवरण | ३० |
| तालिका नं. ५ | लैङ्गिकता, समावेशीकरण र निर्वाचन विषयक तालिमको विवरण | ३४ |
| तालिका नं. ६ | सामाजिक अध्ययन शिक्षकका लागि प्रशिक्षण कार्यक्रमको विवरण | ३५ |
| तालिका नं. ७ | मतदाता नामावली सङ्कलन तथा अद्यावधिक तालिमको विवरण | ३६ |
| तालिका नं. ८ | बहिरा नागरिकका लागि निर्वाचन शिक्षा प्रशिक्षणको विवरण | ३७ |
| तालिका नं. ९ | निर्वाचन कार्यक्रम | ४२ |
| तालिका नं. १० | निर्वाचन आचारसंहितासम्बन्धी विवरण | ४६ |
| तालिका नं. ११ | उपनिर्वाचनको निर्वाचन परिणाम | ४८ |
| तालिका नं. १२ | अर्को सविधानसभा सदस्य निर्वाचन, २०७०को सम्बन्धमा दायर भएका मुद्दाहरू | ५३ |
| तालिका नं. १३ | आ.व. २०७१/७२ मा दर्ता भएका राजनीतिक दलहरू | ५६ |
| तालिका नं. १४ | आर्थिक वर्ष २०७१/७२ मा विनियोजन, निकासा र खर्चको विवरण | ५७ |

| | | |
|---|---|---|
| तालिका नं. १५ | बेरूजु फछ्र्यौटको वार्षिक प्रगति विवरण | ५८ |
| **वृत्तचित्रहरू** | | |
| वृत्तचित्र नं १ . | निरन्तर दर्ता कार्यक्रमबाट भएको मतदाता दर्ता विवरण | ३० |
| **अनुसूचीहरू** | | ७० |
| अनुसूची १ | प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तहरूको कार्य विभाजन | ७१ |
| अनुसूची २ | आयोगबाट भएका महत्वपूर्ण निर्णयहरू | ७२ |
| अनुसूची ३ | निर्वाचन आयोगको सङ्गठनात्मक संरचना | ६८ |
| अनुसूची ४ | दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायहरू **(FEMBoSA)** को पाँचौँ बैठकमा नेपालबाहेक अन्य देशबाट सहभागी भएका निर्वाचन आयुक्त तथा प्रतिनिधिहरूको नामावली | ७९ |
| अनुसूची ५ | दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायहरू **(FEMBoSA)** को पाँचौँ बैठकबाट पारित १० बुँदे काठमाण्डौ घोषणापत्र | ८१ |
| अनुसूची ६ | मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम, २०७१ को जिल्लागत दर्ता विवरण | ८६ |
| अनुसूची ७ | एकीकृत घुम्ती शिविरमा भएको मतदाता दर्ता विवरण | ९० |
| अनुसूची ८ | वैदेशिक अध्ययन भ्रमण विवरण | ९३ |
| अनुसूची ९ | आयोग र जिल्ला निर्वाचन कार्यालयका फोन नम्बरहरू | ९७ |
| **निर्वाचन गतिविधिसम्बन्धी केही तस्वीरहरू** | | १०१ |

# परिच्छेद १

# निर्वाचन आयोग : सङ्क्षिप्त परिचय

## १.१ संवैधानिक व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १४ धारा १२८ देखि १३० सम्म निर्वाचन आयोगसम्बन्धी व्यवस्था रहेको छ ।

**धारा १२८ निर्वाचन आयोग**

(१) नेपालमा एक निर्वाचन आयोग हुनेछ जसमा प्रमुख निर्वाचन आयुक्त र अन्य चार जनासम्म निर्वाचन आयुक्तहरू रहनेछन् । प्रमुख निर्वाचन आयुक्तका अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति गर्नेछ ।

(३) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । तर,

(क) सो पदावधि पूरा हुनु अगावै प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीशसरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।

(४) देहायको अवस्थामा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पद रिक्त भएको मानिनेछ :

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) देहायबमोजिम नभई कुनै व्यक्ति प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पदमा नियुक्तिको लागि योग्य हुने छैन:

(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त

गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) पैंतालीस वर्ष उमेर पूरा भएको र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

(६) प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछन्। प्रमुख निर्वाचन आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(७) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

तर,

(क) निर्वाचन आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सोबमोजिम कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**धारा १२९ निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार**

(१) यो संविधान र अन्य कानुनको अधीनमा रही संविधानसभा, धारा १५७ बमोजिम हुने जनमतसङ्ग्रह तथा स्थानीय निकायको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ। सो प्रयोजनको लागि मतदाताहरूको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ ।

(२) संविधानसभा सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन पूरा नहुँदै कुनै उम्मेदवार धारा ६५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्नेछ ।

(३) निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा नेपाल सरकारको

कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(४) यस संविधानको अधीनमा रही निर्वाचन आयोगका अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछन् ।

**धारा १३० नेपाल सरकारले निर्वाचन आयोगलाई आवश्यक कर्मचारी उपलब्ध गराउनुपर्ने**

यस संविधानबमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य कुराहरू नेपाल सरकारले उपलब्ध गराउनेछ ।

## १.२ निर्वाचनसम्बन्धी कानुनी व्यवस्था

### निर्वाचन आयोग ऐन, २०६३

निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको निर्वाचन आयोग ऐन, २०६३ मिति २०६३/१२/१२ मा प्रमाणीकरण र प्रकाशन भई लागू भएकोमा निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६४ र निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७० बाट संशोधन भएको छ ।

निर्वाचन आयोग ऐन, २०६३ मा आयोगले सम्पादन गर्नुपर्ने कार्यका लागि केन्द्रीयस्तरमा सचिवालय रहने र आवश्यकताअनुसार स्थानीयस्तरमा समेत कार्यालय खोल्नसक्ने व्यवस्था रहेको छ। आयोगले गर्नुपर्ने सबै काम प्रमुख निर्वाचन आयुक्त मात्र रहेको अवस्थामा निजबाट र अन्य आयुक्तहरूसमेत रहेको अवस्थामा निजहरूको बैठक बसी निर्णय भएबमोजिम गर्ने व्यवस्था रहेको छ। आयोगले मतदाता नामावली तयार गर्नका लागि आवश्यक सङ्ख्यामा प्रमुख नामदर्ता अधिकारी, नामदर्ता अधिकारी, सहायक नामदर्ता अधिकारी, मतदाता नामावली सङ्कलन कर्ता र निर्वाचनको कामका लागि मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायत आवश्यक देखिएका अन्य पद सिर्जना गरी त्यस्ता पदहरूमा आवश्यकताअनुसार कर्मचारीहरू नियुक्त गर्न वा तोक्नसक्ने व्यवस्था छ। आयोगले निर्वाचनको कामका लागि मागेको सहयोग नेपाल सरकार वा सरकारी

स्वामित्व वा नियन्त्रणमा रहेका संस्थाहरूले उपलब्ध गराउनु पर्ने व्यवस्था छ । आयोगले निर्वाचनको कामका लागि नेपाल सरकारको कुनै मन्त्रालय, विभाग, कार्यालय वा संवैधानिक निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा निकायबाट कुनै पनि सहयोग लिन सक्नेछ भन्ने व्यवस्था समेत सो ऐनमा रहेको छ ।

ऐनमा निर्वाचन हुने मितिभन्दा एकसय बीस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि भनी परिभाषित गरिएको छ । एक सय बीस दिनभन्दा कम अवधि रहने गरी निर्वाचन मिति घोषणा भएमा त्यसरी घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिने कुरा ऐनमा उल्लेख छ ।

निर्वाचन स्वच्छ र स्वतन्त्र रूपमा सम्पादन गर्ने क्रममा निर्वाचन पर्यवेक्षक तोक्न, आचार संहिता जारी गर्न, स्वतन्त्र र निष्पक्षतवरले नभएको निर्वाचन रद्द गर्न एवं पुनः निर्वाचन गर्नसमेत आयोग स्वतन्त्र रहनेछ । यस ऐनमा आयोगले आफ्नो कार्य सम्पन्न गर्न अनुगमन गर्ने गराउने, अस्थायी दरबन्दीका पद सृजना गर्न र बढीमा छ महिनाका लागि अस्थायी, सेवा करार वा ज्यालादारीमा नियुक्ति गर्नसक्ने, विशेषज्ञ सेवा लिनसक्नेलगायतका व्यवस्था रहेको छ। त्यस्तै कर्मचारीहरूलाई सुविधा दिने वा कामबाट हटाउने, निर्वाचनमा खर्च गर्नसक्ने, मालसामान खरिद गर्नसक्ने विषय पनि ऐनमा व्यवस्था छ । संविधानसभा सदस्यको उम्मेदवारको अयोग्यतासम्बन्धी निर्णय गर्ने, राजनीतिक दल दर्ता गर्ने, मूल दलको केन्द्रीय कार्यकारिणी समितिको चालीस प्रतिशत सदस्यहरूसहित विभाजित भई दल दर्ताका लागि आएमा छुट्टै दलका रूपमा दर्ता गर्ने, राजनीतिक दलहरू संयुक्त भएमा त्यस्ता दलको दर्ता गर्ने, ऐनमा तोकिएका आधारबमोजिमको स्थितिमा राजनीतिक दलको दर्ता खारेज गर्ने, निर्वाचन खर्चको हद तोक्ने आदि कार्यहरूसमेत आयोगले गर्ने व्यवस्था गरिएको छ। यो ऐनबमोजिम आयोगले कुनै संवैधानिक वा निर्वाचनसम्बन्धी कानुनी प्रश्नमा महान्यायाधिवक्ता, सरकारी वकिल, कुनै कानुन व्यवसायी वा अन्य विशेषज्ञबाट राय लिनसक्ने व्यवस्थासमेत गरिएको छ। आयोगले मतदाता नामावली तयार गर्नेलगायत निर्वाचनको काममा खटाइएका कर्मचारी, सुरक्षाकर्मी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको कर्मचारीले कार्य सम्पादनको सिलसिलामा प्रचलित कानुन वा आयोगको आदेश वा निर्देशन जानी जानी उल्लङ्घन हुने गरी वा बदनियतले

काम गरी आयोगको निष्पक्षतामा असर पर्ने गरी काम गरेमा त्यस्तो कर्मचारी, सुरक्षाकर्मीउपर निजको सेवा शर्तसम्बन्धी प्रचलित कानुनबमोजिम विभागीय कारबाही र सजाय गर्ने वा विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिश गर्नेसमेतका कार्य गर्नसक्ने व्यवस्था छ ।

त्यसैगरी कुनै निर्वाचनको काममा खटिएको नेपाल सरकारको, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायको कुनै कर्मचारी, सुरक्षाकर्मी, विश्वविद्यालय वा सामुदायिक विद्यालयको शिक्षकले निर्वाचनको स्वतन्त्रता, स्वच्छता र निष्पक्षतामा आँच आउने कुनै काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निर्वाचनसम्बन्धी निजको जिम्मेवारीबाट हटाउनसक्ने र त्यस्तो अवस्था परी कुनै कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निलम्बन गर्नुपर्ने भएमा आयोगले सम्बन्धित अधिकारीसमक्ष सिफारिश गर्नसक्ने व्यवस्थासमेत ऐनमा गरिएको छ ।

**मतदाता नामावलीसम्बन्धी ऐन, २०६३**

मतदाता नामावलीसम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ मिति २०६३/९/१४ गते प्रमाणीकरण र प्रकाशन भई लागू भएको हो । यो ऐन निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६४ र निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७० बाट संशोधन भएको छ ।

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ ले मतदाता नामावलीमा नाम समावेश हुन चाहिने योग्यता, नामावली सङ्कलन तथा अद्यावधिक गर्ने प्रक्रिया, संलग्न हुने जनशक्ति, मतदाता नामावलीसम्बन्धी कसूर र सजाय आदिको उल्लेख गर्दै निर्वाचन आयोगलाई आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँ विकास समिति र नगरपालिकाको वडाको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने जिम्मेवारी तोकेको छ । आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा एकैपटक, पटकपटक, एकै समय वा छुट्टाछुट्टै समयमा हुने गरी तोक्नसक्ने व्यवस्था ऐनमा रहेको छ ।

यस ऐनमा निर्वाचनको लागि मतदाता हुन आवश्यक योग्यता निर्धारण गरिएको छ । जसअनुसार नेपाली नागरिक हुनुपर्ने तथा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन

गरी तोकिदिएको मितिमा अठार बर्ष उमेर पूरा भएको र कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएको व्यक्तिलाई मतदाताको योग्यता मानिएको छ ।

कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषयमा र नाम दर्ता अधिकारी वा निजले खटाएको अधिकार प्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा सम्बन्धित अधिकारीले मतदाता नामावलीमा थपघट गरेको विषयमा अदालतमा प्रश्न उठाउन नसकिने कुरासमेत ऐनमा गरिएको छ ।

ऐनमा अस्थायी मतदाता नामावलीसम्बन्धी विशेष व्यवस्था रहेको छ, जसअनुसार आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा छुट्टै अस्थायी मतदाता नामावली तयार गराउने र सो अस्थायी नामावलीमा सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी, सैनिक वा प्रहरी व्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर (क्यान्टनमेन्ट) मा रहेका माओवादी, कारागारमा रहेका कैदी र थुनुवा, निर्वाचन वा मतदान केन्द्रमा खटिएका कर्मचारी र सुरक्षाकर्मी र नेपाल सरकारले सञ्चालन गरेको वा नेपाल सरकारबाट मान्यता प्राप्त गरी सञ्चालन भएको बृद्धाश्रममा रहेका व्यक्तिहरूको नाम समावेश गरिने व्यवस्था रहेको छ । अस्थायी मतदाता नामावलीको प्रयोग संविधानसभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि मतदान गर्ने प्रयोजनको लागि मात्र हुने व्यवस्था गरिएको छ ।

गैरनेपाली नागरिकले नाम ढाँटेर मतदाता नामावलीमा नाम समावेश गराएमा, नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी झुटो विवरण दिई नाम दर्ता गराएमा, नामावलीलाई कुनै किसिमले बिगार्ने, नोक्सान वा नष्ट गर्ने गरेमा नामावली सङ्कलन कार्यमा बाधा विरोध गरेमा वा गोप्य राख्नु पर्ने कागजात, विवरणको गोप्यता भङ्ग गरेमा मतदाता नामावली दर्ता गर्ने प्रयोजनको लागि आयोगले सङ्कलन गरेको मतदाताको नाम, थर, वतन, ठेगाना, फोटो र अन्य विवरण अनधिकृतरूपमा प्रकाशन गरेमा वा वितरण गरेमा वा जानिजानि दुरूपयोग गरेमा, आयोगले उपलब्ध गराएको विवरण नेपाल सरकारद्वारा सम्पादन हुने विभिन्न कार्यक्रम र आयोगले स्वीकृति दिएको प्रयोजनबाहेक अन्य प्रयोजनको लागि प्रयोग गरेमा वा अनधिकृतरूपमा प्रकाशन गरेमा वा वितरण गरेमा वा जानीजानी दुरूपयोग गरेमा कसूरको मात्रा हेरी दश हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना, छ महिनासम्म कैद वा दुवै सजाय गर्न सकिने व्यवस्था पनि ऐनमा गरिएको छ ।

आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मतदाताहरूले मतदान गर्नका लागि मतदाता परिचयपत्र लिनु पर्ने गरी व्यवस्था गर्नसक्ने कुरासमेत ऐनमा गरिएको छ। यस ऐनबमोजिम आयोगले सङ्कलन गरेको मतदातासम्बन्धी विवरण वा आयोगले उपलब्ध गराएको विवरण दुरूपयोग भएको वा अनधिकृतरूपमा प्रकाशन भएको वा वितरण भएको कारणबाट कुनै व्यक्तिलाई शारीरिक वा मानसिक हानीनोक्सानी भएमा त्यस्तो हानीनोक्सानी पुगेको व्यक्तिले त्यसरी हानीनोक्सानी गर्ने व्यक्तिबाट क्षतिपूर्ति दावी गर्नसक्ने व्यवस्थासमेत ऐनमा गरिएको छ। त्यस्तै मतदाता नामावलीसम्बन्धी ऐनबमोजिम दायर हुने मुद्दा सरकारवादी हुने व्यवस्थासमेत ऐनमा रहेको छ।

## निर्वाचन (कसूर र सजाय) ऐन, २०६३

निर्वाचन कसूर र सजायसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ मिति २०६४/१२/१२ मा प्रमाणीकरण भई लागू भएको छ।

निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ मा अनधिकृत व्यक्तिले मतदान गर्न नहुने, निर्वाचनमा प्रचारप्रसार, मताधिकार आदिमा प्रभाव पार्न वा थुनछेक गर्न नहुने, हातहतियारलगायतका विष्फोटक पदार्थको प्रयोग र प्रदर्शन गर्न नहुने, धाक धम्की, डरत्रास देखाउन नहुने, सामाजिक वहिष्कार गर्न धम्की दिन नहुने, कुनै किसिमले लोभ लालच देखाउने वा आर्थिक प्रलोभन देखाउन नहुने, धर्म भकाउने वा प्रतिज्ञा गराउने गर्न नहुने, चरित्र हनन् गर्न नहुने कुराहरू उल्लेख छन्। यो ऐनले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, प्रादेशिक वा राष्ट्रिय अखण्डतामा प्रभाव पार्न नहुने, धर्म, जातजाति, सम्प्रदायबीच द्वेष उत्पन्न गर्न नहुने, निर्वाचनमा संलग्न व्यक्तिले निर्वाचनलाई प्रभाव पार्ने गरी नगद जिन्सीको लेनदेन गर्न नहुने, शान्ति भङ्ग गर्न नहुने, गैरकानुनीतवरले मतपत्रको लेनदेन गर्न नहुने, निर्वाचन कसूर गर्ने उद्योग गर्न, मद्दत वा दुरुत्साहन गर्न नहुने व्यवस्था गरेको छ। यस ऐनमा निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले अनुमति दिएको सङ्ख्याभन्दा बढी सवारी साधन प्रयोग गर्न वा गराउन नहुने कुरासमेत उल्लेख गरिएको छ। निर्वाचनको प्रचार-प्रसार गर्दा सरकारी वा सरकारी स्वामित्व भएको संस्था वा स्थानीय निकायको सवारी साधनको प्रयोग गर्न वा गराउन नपाइने व्यवस्थासमेत ऐनमा गरिएको छ। कुनै व्यक्तिले निर्वाचन कसूर हुने काम कारबाही गरेमा कसूरको मात्रा हेरी पाँच सय रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना, दुई वर्षम्म

कैद वा दुवै सजाय हुने व्यवस्था ऐनमा रहेको छ ।

**संविधानसभा अदालत ऐन, २०६४**

संविधानसभा सदस्य निर्वाचनसम्बन्धी उजुरीको कारवाही र किनारा गर्न संविधानसभा अदालतको गठन, अधिकार र कार्यविधिको सम्बन्धमा कानुनी व्यवस्था गर्न ल्याइएको यो ऐन २०६४/५/२ मा प्रमाणीकरण भएको हो । यस ऐनमा ४ परिच्छेद, १९ दफा र १ अनुसूची रहेका छन् । यस ऐनमा संविधानसभा सदस्यको अयोग्यता, निर्वाचन बदर, निर्वाचनसम्बन्धी कसूरका सम्बन्धमा सविधानसभा अदालतको क्षेत्राधिकार हुने, संविधानसभा अदालतको क्षेत्राधिकारभित्र पर्ने विषयका सम्बन्धमा अन्य कुनै अदालतमा प्रश्न उठाउन नपाइने, सर्वोच्च अदालतका तीनजना न्यायाधीश रहेको अदालत गठन हुने, संविधानसभा सदस्यको अयोग्यतासम्बन्धी प्रश्न उठेमा सोको निरूपणका सिलसिलामा अयोग्य ठहरिने पर्याप्त आधार भएमा संविधानसभा सदस्यको हैसियतबाट कुनै कार्य नगर्न अदालतले स्थगन आदेश जारी गर्नसक्ने, यो अदालतको अवहेलनामा कारवाही चलाउँदा अवहेलना ठहरिए एक वर्षम्म कैद वा १०,००० रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था रहेको पाइन्छ ।

**राजनीतिक दलसम्बन्धी ऐन, २०५८**

राजनीतिक सङ्गठन वा दलहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको राजनीतिक दलसम्बन्धी ऐन, २०५८ मिति २०५९/५/२७ मा प्रमाणीकरण र प्रकाशन भई लागू भएको हो । यो ऐन गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ बाट संशोधनसमेत भएको छ। राजनीतिक दलसम्बन्धी ऐन, २०५८ मा समान राजनीतिक उद्देश्य र कार्यक्रमप्रति प्रतिबद्ध व्यक्तिहरूले आवश्यक विधान र नियमहरू बनाई राजनीतिक सङ्गठन वा दल गठन गर्नसक्ने व्यवस्था गरिएको छ। यस ऐनमा दलको दर्ता, दलको लेखा परीक्षण, दलको आय व्ययको वार्षिक प्रतिवेदन, निर्वाचनको प्रयोजनको लागि राजनीतिक सङ्गठन वा दलको मान्यता आदिका सम्बन्धमा व्यवस्था गरिएको छ ।

यस ऐनमा दलको विधानमा दलको नाम, दलको केन्द्रीय कार्यालयको ठेगाना, दलको छाप, चिन्ह वा झण्डासम्बन्धी विवरण, दलको उद्देश्य, दलको सदस्यतासम्बन्धी व्यवस्था, दलको प्रत्येक तहको कार्यकारी समितिको गठन विधि र पदावधि, दलको पदाधिकारीहरूको सङ्ख्या र निर्वाचन प्रक्रिया, दलको कोष र लेखापरीक्षणसम्बन्धी व्यवस्था, दलको विधान संशोधनसम्बन्धी प्रक्रिया, दलको विघटनसम्बन्धी व्यवस्था, दल

विघटन भएपछि दलको सम्पत्ति र दायित्वसम्बन्धी व्यवस्था, कम्तीमा पाँच वर्षमा एकपटक सङ्गठन वा दलको कार्यकारी समितिको सदस्य सङ्ख्या मध्ये कम्तीमा पचास प्रतिशत निर्वाचन गर्नेसम्बन्धी व्यवस्थालगायतका विषयहरू उल्लेख गरिएको छ । ऐनमा दलले गर्न नहुने कामहरूसमेत उल्लेख भएको छ जसमा नेपाल राज्यको सार्वभौमसत्ता वा अखण्डतामा प्रतिकूल प्रभाव पार्ने, नेपालका विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने, सार्वजनिक नैतिकताको प्रतिकूल हुने, कुनै धर्म, सम्प्रदाय, जात जाति वा क्षेत्रका व्यक्तिलाई मात्र सदस्यता प्रदान गर्ने, नेपालको अन्तरिम संविधान, २०६३ विपरीत हुने अन्य काम गर्ने, अन्तर्राष्ट्रिय सङ्घसंस्था र विदेशी सरकार, व्यक्ति तथा सङ्घसंस्थाबाट अनुदान वा चन्दा लिने, आयोगले समयसमयमा जारी गरेको आचार संहिता उल्लङ्घन गर्ने, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने गरी हातहतियार र विस्फोटक पदार्थ लिएर प्रदर्शन गर्ने र प्रचलित कानुनबमोजिम गर्न नहुने कुनै काम गर्न दलहरूलाई निषेध गरिएको छ । दलको लेखा र लेखापरीक्षण र आयव्ययको वार्षिक प्रतिवेदन पेश नगर्ने राजनीतिक दललाई आयोगले जरिवाना गर्ने व्यवस्थासमेत ऐनमा रहेको छ ।

## दल त्याग ऐन, २०५४

दल त्यागको सम्बन्धमा व्यवस्था गर्न बनेको दल त्याग ऐन, २०५४ मिति २०५४/६/१४ मा लालमोहर लागी लागू भएको हो । यसमा गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ ले केही संशोधनसमेत गरेको छ । यस ऐनमा दल त्याग गरेको मान्न सकिने, दल त्याग गरेको नमानिने, दलको कुनै सदस्यले दल त्याग गरेको सूचना संविधानसभा सचिवालयलाई दिनु अघि त्यस्तो सदस्यलाई आफनो सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिनुपर्ने, दल त्याग गरेको सूचना दिने कार्यविधि, स्थान रिक्त हुने अवस्था, संविधानसभालाई जानकारी दिने वा सूचना प्रकाशन गर्ने आदि सम्बन्धमा व्यवस्था रहेको छ ।

## स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८

स्थानीय निकायको निर्वाचनको व्यवस्था गर्न स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ मिति २०४८/१२/२६ मा लालमोहर र प्रकाशन भई लागू भएको हो । यसमा निर्वाचन तथा स्थानीय निकायसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३, स्थानीय निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५४, स्थानीय निकाय

तथा निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५, केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ र गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ बाट संशोधनसमेत भएको छ।

यस ऐनमा स्थानीय निकायको निर्वाचनका लागि निर्वाचन अधिकृत र मतदान अधिकृत, सहायक मतदान अधिकृतको नियुक्ति, मतदाता नामावली, निर्वाचन कार्यक्रम, उम्मेदवार तथा मनोनयन, मतदान केन्द्र, मतपत्र र मतपेटिका, मतदान, मतगणना र निर्वाचन परिणाम, उम्मेदवारको प्रतिनिधि, धरौटी, निर्वाचन खर्च आदिका सम्बन्धमा व्यवस्था गरिएको छ।

यस ऐनमा स्थानीय निकायको निर्वाचनको लागि मतदाता नामावलीमा नाम दर्ता भई मतदान गर्न योग्य व्यक्ति उम्मेदवार हुनका लागि केही निर्धारित योग्यतासमेत पुगेको हुनुपर्ने कुरा उल्लेख भएको छ। गाउँ विकास समति वा नगरपालिकाको वडाध्यक्ष र वडा सदस्यको निर्वाचनको लागि एक्काईस वर्ष उमेर पूरा भएको र सो वडाको मतदाता नामावलीमा नाम दर्ता भएको, गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष र नगरपालिकाको प्रमुख वा उपप्रमुखको निर्वाचनको लागि एक्काईस वर्ष उमेर पूरा भएको र सो गाउँ विकास समिति वा नगरपालिकाका क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको, जिल्ला विकास समितिको इलाकाको सदस्यको निर्वाचनको लागि एक्काईस वर्ष पूरा भएको र सो इलाकाभित्रका गाउँ विकास समिति वा नगरपालिकाको सदस्य भएको, र जिल्ला विकास समितिको सभापति वा उपसभापतिको निर्वाचनको लागि एक्काईस वर्ष उमेर पूरा भएको र सो जिल्लाभित्रका गाउँ विकास समिति वा नगरपालिकाको सदस्य भएको हुनुपर्ने व्यवस्था रहेको छ। त्यसै गरी उम्मेदवार हुन सम्बन्धित गाउँ विकास समिति, नगरपालिकाको नामावलीमा नाम दर्ता नभएको, गैर नेपाली नागरिक, मगज बिग्रेको वा बहुलाएको, साहुको दामासाहीमा परेको वा टाट उल्टेको, नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको वा नेपाल सरकारबाट अनुदान पाएको संस्थाको बहालवाला कर्मचारी, कुनै स्थानीय निकायको बहालवाला कर्मचारी, निर्वाचनसम्बन्धी अपराधमा प्रचलित कानुनबमोजिम गठित निर्वाचन अदालतबाट कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले ६ वर्ष भुक्तान नभएको, नैतिक पतन देखिने फौजदारी मुद्दामा दोषी ठहरिई दुई वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले ६ वर्ष भुक्तान नभएको र प्रचलित कानुनले अयोग्य भएको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन योग्य नहुने व्यवस्थासमेत गरिएको छ।

ऐनमा कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र, उपकेन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदाताहरूलाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदाताहरूलाई मतदान गर्न नदिएमा, कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा वा मतदान गर्नको लागि मतदान केन्द्र, उपकेन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, वा कसैले बल प्रयोग गरी मतदान कार्य सञ्चालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालन गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदानसम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुननसक्ने गरी प्रभावित गरेमा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिने उल्लेख गरिएको छ। त्यसैगरी ऐनमा मतपत्र बदर हुने अवस्थासमेत उल्लेख भएको छ। सम्बन्धित मतदान अधिकृतको सहिछाप नभएका, आयोगले तोकेको रीत पुर्‍याई चिन्ह वा छाप लगाई मत सङ्केत नगरिएको, मत सङ्केत चिन्ह नबुझिने गरी च्यातिएको, मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको वा फोहर गरिएको, उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मतसङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको, उम्मेदवार नरहेको निर्वाचन चिन्हमा मात्र मत सङ्केत गरिएको, मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको, एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा छुट्टा-छुट्टै मत सङ्केत गरिएको, एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको, आयोगद्वारा निर्धारित मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको, मतपेटिका बाहिर राखिएको वा जाली मतपत्र भएको अवस्थामा मतपत्र बदर हुने कुरा उल्लेख छ।

## संविधानसभा सदस्य निर्वाचन ऐन, २०७०

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले आफ्नो लागि आफैले नयाँ संविधानको निर्माण गर्ने प्रयोजनका लागि संविधानसभाको गठन गर्न संविधानसभा सदस्यको निर्वाचन तथा निर्वाचन प्रणाली र निर्वाचन प्रक्रियाका सम्बन्धमा तत्कालै कानुनी व्यवस्था गर्नु वाञ्छनीय भएको तर तत्काल व्यवस्थापिका संसद अस्तित्वमा नरहेको कारण सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७०।२।३१ मा संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० जारी भई सोही अध्यादेशको आधारमा सम्वत् २०७० साल मङ्सिर ४ गते अर्को संविधानसभा सदस्य निर्वाचन सम्पन्न भएको थियो । उक्त निर्वाचनपश्चात् गठित

संविधानसभा/व्यवस्थापिका संसदले संविधानसभा सदस्य निर्वाचन विधेयक पारित गरी सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइसकेपछि तत्सम्बन्धी ऐन कार्यान्वयनमा आएको छ । यस ऐनमा निर्वाचन क्षेत्र र सदस्य सङ्ख्या, मिश्रित निर्वाचन प्रणाली, निर्वाचन प्रक्रिया आदिका सम्बन्धमा व्यवस्था गरिएको छ। ऐनमा निर्वाचनका लागि आयोगले आवश्यकताअनुसार निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारीहरू खटाउनसक्ने व्यवस्था रहेको छ। त्यसैगरी मतदान केन्द्र तोक्ने आधार, प्रक्रिया, मतदान केन्द्र थप्ने, हटाउने वा सार्ने, मतपेटिका, मतदाता, मतगणना तथा निर्वाचन परिणामका सम्बन्धमा समेत व्यवस्था गरिएको छ। ऐनमा निर्वाचन सम्पन्न भएको ३५ दिनभित्र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवारले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा र समानुपातिकतर्फ राजनीतिक दलले निर्वाचन आयोगमा निर्वाचन खर्च विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

ऐनमा भएको व्यवस्था बमोजिम उम्मेदवारको योग्यतामा नेपाली नागरिक, कम्तीमा पच्चीस वर्ष उमेर पूरा गरेको, नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको र कुनै लाभको पद धारण नगरेको हुनुपर्ने कुरा उल्लेख छ भने उम्मेदवारको अयोग्यतामा मतदाता नामावलीमा नाम समावेश नभएको, नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको, निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई सो सजाय पाएको मितिले दुई वर्ष भुक्तान नगरेको, भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण वा राहदानी दुरूपयोगसम्बन्धी कसूरमा अदालतको अन्तिम फैसलाबाट सजाय पाएको, ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको, बैङ्क तथा वित्तीय संस्थाको ऋण नियतवश नतिरी प्रचलित कानुनबमोजिम कालो सूचीमा रहेको र मगज बिग्रेको अवस्थालाई उल्लेख गरिएको छ।

सम्बन्धित मतदान अधिकृतको सही नभएको, तोकिएबमोजिम मत सङ्केत नगरी अन्य कुनै किसिमले मत सङ्केत गरिएको वा अन्य कुनै चिन्ह लेखिएको, मत सङ्केतको चिन्ह नबुझिने गरी प्रयोग गरिएको, उम्मेदवार वा राजनीतिक दलको चिन्ह रहेको कोठामा तोकिएबमोजिम मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको, मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिइएको, कुन उम्मेदवार वा राजनीतिक दलको लागि मत दिएको हो सो नछुट्टिने गरी मत सङ्केत गरिएको, एकभन्दा बढी उम्मेदवारको

कोठाहरूमा कुन उम्मेदवारलाई मत सङ्केत गरिएको भन्ने छुट्याउन नसकिने गरी मत सङ्केत गरेको, सम्बन्धित मतदान केन्द्रको लागि निर्धारण गरिएको मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको, आयोगले जारी गरेको मतपत्रबाहेक अन्य मतपत्र प्रयोग गरिएको, सम्बन्धित निर्वाचन क्षेत्रको लागि प्रयोग गर्नुपर्ने मतपत्र अन्य निर्वाचन क्षेत्रको लागि प्रयोग गरेको अवस्थामा मतपत्र बदर हुने कुरा ऐनमा उल्लेख छ। समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलले उम्मेदवार सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूह समेतको जनसङ्ख्या प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी उम्मेदवारको बन्दसूची तयार गर्नुपर्ने व्यवस्थासमेत ऐनमा गरिएको छ।

**संविधानसभा सदस्य निर्वाचन नियमावली, २०७०**

संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मिति २०७०/३/१६ गते यो नियमावली जारी गरेको छ। यसमा संविधानसभा निर्वाचन र निर्वाचन कार्यक्रमको सूचना, उम्मेदवारको मनोनयन, बन्दसूची, मतदान केन्द्र, मतपत्र र मतपेटिका, निर्वाचन चिन्ह, विद्युतीय उपकरणको प्रयोग, मतगणना र निर्वाचन परिणाम, राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि, निविदा मतपत्र दिने कार्यविधि, निर्वाचन खर्च आदिसम्बन्धी विस्तृत कार्यविधिगत व्यवस्था गरिएको छ।

**मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८**

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ बनाएको हो। यसलाई मतदाता नामावली सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७० ले संशोधनसमेत गरेको छ।

यसमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने, दोहोरो नाम हटाउने, नाम, थर, जन्म मिति, उमेर आदि विवरण सच्याउने, नाम हटाउने वा सार्ने एवं अस्थायी मतदाता नामावली सम्बन्धमा विस्तृत कार्यविधिगत व्यवस्था गरिएको छ। यसमा नाम सङ्कलन तथा अद्यावधिक कार्य सञ्चालनका लागि प्रमुख नाम दर्ता अधिकारी, सहायक

नाम दर्ता अधिकारी, सङ्कलक आदि खटाइने व्यवस्था गरिएको छ । त्यसैगरी मतदाता नामावली हेर्न र नक्कल दिन सकिने, विवाद निरूपण गरिने, मतदाता नामावली वेबसाइटमा राख्नसक्ने, मतदाता नामावलीको प्रति बिक्री गर्नसक्ने सम्बन्धमा पनि यस नियमावलीमा व्यवस्था गरिएको छ ।

**राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३**

निर्वाचन आयोग ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मिति २०६३/१२/१४ मा यो नियमावली जारी गऱ्यो । यसमा पहिलो संशोधन मिति २०७०/१/१३ मा भएको थियो । यस नियमावलीमा राजनीतिक दल दर्ताको उद्देश्य, दल दर्तासम्बन्धी कार्यविधि, दल दर्ताको निवेदन साथ संलग्न हुनुपर्ने कागजात, निवेदनमा खुलाउनुपर्ने कुराहरू, दल दर्ताका शर्तहरू, हस्ताक्षरयुक्त निवेदन पेश गर्नुपर्ने, हस्ताक्षरयुक्त निवेदनको सम्पुष्टि (भेरिफिकेशन), दल दर्ता हुननसक्ने अवस्था, जाँचबुझ र निर्णय, एउटै नामबाट एक भन्दा बढी दल दर्ता नहुने, निर्वाचन प्रयोजनको लागि दर्ता भएको दल खारेज हुने अवस्था, दल दर्ता खारेजको प्रक्रिया, दर्ता खारेज भएको दलको नाम, झण्डा र चिन्ह, राजनीतिक दलको मान्यता आदिका सम्बन्धमा व्यवस्था गरिएको छ ।

## १.३ निर्वाचन आयोगको गठन र साङ्गठनिक संरचना

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम गठित निर्वाचन आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र अन्य चारजनासम्म निर्वाचन आयुक्तहरू रहनसक्ने व्यवस्था रहेको छ। निर्वाचन आयुक्तहरूको कार्य विभाजन र क्षेत्रगत जिम्मेवारी **अनुसूची १** मा राखिएको छ । आयोगको उद्देश्य र संवैधानिक जिम्मेवारी पूरा गर्न आयोगले निर्वाचनसँग सम्बन्धित विविध विषयमा नीति निर्माण एवं कार्यक्रम कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा निर्देशन दिने काम गर्दछ । आयोगले आर्थिक वर्ष २०७१/७२ मा गरेका केही महत्त्वपूर्ण निर्णयहरू **अनुसूची २** मा राखिएको छ ।

आयोगको कार्यबोझ, कार्य प्रकृति र कार्य विश्लेषणलाई आधार मानी आयोगको साङ्गठनिक संरचना र दरबन्दी स्वीकृत भएको छ। निर्वाचन आयोगको साङ्गठनिक संरचना **अनुसूची ३** मा राखिएको छ ।

# परिच्छेद २

# जनशक्ति तथा सामग्री व्यवस्थापन

संवैधानिक व्यवस्था बमोजिम आयोगको जिम्मेवारी अनुरूप निर्माण भएका नीतिहरूको कार्यान्वयन गर्न सचिवालयको व्यवस्था रहेको छ । सचिवालयमा निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा आयोगको नीति तथा कार्यक्रम कार्यान्वयन हुने व्यवस्था छ । आयोगमा सचिवदेखि श्रेणीविहिनसम्म गरी जम्मा १४७ जनाको स्वीकृत दरबन्दी रहेको छ र नेपाल सरकार, गृह मन्त्रालयबाट एक आर्थिक वर्षका लागि स्वीकृत अस्थायी दरबन्दीमा सेवा करारमा कार्यरत २२ जना कर्मचारीहरू समेत गरी जम्मा १६९ जना कर्मचारी रहेका छन् । जिल्लातर्फ मोरङ, काठमाडौं, कास्की, बाँके र कैलाली जिल्लामा राजपत्राङ्कित द्वितीय श्रेणीका जिल्ला निर्वाचन अधिकारी र बाँकी ७० जिल्लामा राजपत्राङ्कित तृतीय श्रेणीका जिल्ला निर्वाचन अधिकारी कार्यालय प्रमुख रहनेगरी जिल्ला निर्वाचन कार्यालयको स्थापना भएको छ र यी कार्यालयमा ५६६ जना कर्मचारी कार्यरत छन् । यसरी सचिवालय र जिल्लामा समेत गरी जम्मा ७१३ जना कर्मचारीको दरबन्दी रहेको छ ।

आयोगबाट सम्पादन हुने कामको प्रकृतिका आधारमा आयोगको सचिवालयअन्तर्गत प्रशासन महाशाखा, निर्वाचन व्यवस्थापन महाशाखा, कानुन तथा राजनीतिक दलसम्बन्ध महाशाखा र सूचना प्रविधि व्यवस्थापन महाशाखा गरी चारवटा महाशाखा रहेका छन् । प्रशासन महाशाखा अन्तर्गत प्रशासन शाखा, आर्थिक प्रशासन शाखा र योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा, निर्वाचन व्यवस्थापन महाशाखा अन्तर्गत मतदाता नामावली शाखा, निर्वाचन सञ्चालन शाखा र निर्वाचन शिक्षा तथा सूचना केन्द्र, कानुन तथा राजनीतिक दलसम्बन्ध महाशाखा अन्तर्गत कानुन शाखा र राजनीतक दल सम्बन्ध शाखा र सूचना प्रविधि व्यवस्थापन महाशाखा अन्तर्गत सूचना प्रणाली व्यवस्थापन, सूचना प्रविधि सञ्चालन र तथ्याङ्क तथा सर्वेक्षण शाखाहरू रहेका छन् भने निर्वाचन जोखिमसम्बन्धी अध्ययन विश्लेषण कार्यलाई थप विशिष्टिकृत गर्न आयोगमा Electoral Risk Management (ERM) Unit को व्यवस्था गरिएको छ ।

आयोग र अन्तर्गतका कार्यालयहरूको सङ्गठन संरचनालाई कार्यप्रकृति, कार्यबोझ

आदिसँग सामञ्जस्यता कायम गरी आयोगको सेवा प्रवाह्लाई अझ बढी प्रभावकारी र छरितो बनाउने उद्देश्यले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) कार्य सम्पन्न गरी स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश गरिएको छ। नयाँ प्रस्तावित संरचना अनुसार आयोग र अन्तर्गत गरी ७३३ दरबन्दी प्रस्ताव गरिएको छ जसमध्ये आयोगमा १६४ दरबन्दी र अन्तर्गतका कार्यालयहरूका लागि ५६९ दरबन्दी प्रस्ताव गरिएको छ । जिल्ला निर्वाचन कार्यालयहरू मोरङ, काठमाडौं, कास्की, बाँके र कैलालीलाई क्षेत्रीय निर्वाचन कार्यालयको रूपमा सञ्चालन गर्ने गरी प्रस्ताव गरेर ती कार्यालयहरूमा दरबन्दी संरचनामा पनि पुनरावलोकन गरिएको छ। त्यसैगरी आयोगमा हाल कायम रहेका ४ महाशाखामा १ महाशाखा (निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध महाशाखा) थप गरी ५ वटा कायम गर्ने गरी प्रस्ताव गरिएको छ भने शाखातर्फ विद्यमान ११ वटा शाखा मध्ये तथ्याङ्क तथा सर्वेक्षण शाखालाई भू–सूचना र जोखिम विश्लेषणसमेत समायोजन गरी निर्वाचन तथ्याङ्क, भू–सूचना तथा जोखिम विश्लेषण शाखा नामकरण गरिएको र अध्ययन, अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा नयाँ थप गरी जम्मा १२ वटा शाखा कायम गर्न प्रस्ताव गरिएको छ।

आयोग र अन्तर्गतका कार्यालयहरूसँग सम्बन्धित गुनासो व्यवस्थापनमा Social Media को समेत उपयोग गर्ने उद्देश्यले हेलो जिनिका र हेलो निर्वाचन आयोग नामक छुट्टै Facebook Account खोली सञ्चालनको व्यवस्था मिलाइएको छ।

## २.१ मृतक कर्मचारीका परिवारलाई बीमा रकम हस्तान्तरण

अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० मा खटिने क्रममा ज्यान गुमाएका ८ जना कर्मचारीका परिवारलाई प्रति परिवार रु. १५ लाखका दरले बीमा रकम उपलब्ध गराइएको थियो। अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० का क्रममा ज्यान गुमाउने कर्मचारीको विवरण तलको तालिका नं. १ मा देखाइए बमोजिम रहेको छ :

**तालिका नं. १**

| क्र.सं. | दिवङ्गत कर्मचारीको नाम | ठेगाना |
|---|---|---|
| १. | हरिबल्लभ शाह | भगवानपुर ७, सिरहा |
| २. | कमल चौधरी | सतबरिया ३, दाङ |
| ३. | कृष्ण बहादुर बकहरी | हापुर ९, दाङ |

| क्र.सं. | दिवङ्गत कर्मचारीको नाम | ठेगाना |
|---|---|---|
| ४. | नगेन्द्र बहादुर खड्का | गमौडी ६, दैलेख |
| ५. | विदुर पोख्रेल | भद्रपुर नगरपालिका ११, झापा |
| ६. | विनोद कुमार थापा मगर | डाँडाखर्क ९, मकवानपुर |
| ७. | ज्ञानुमाया सारू | जल्पा ७, पाल्पा |
| ८. | बुद्धिसागर शर्मा | त्रिभुवनबस्ती १, कञ्चनपुर |

## २.२ निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय कार्यशाला स्थगित

निर्वाचन व्यवस्थापन निकायहरूको अन्तर्राष्ट्रिय कार्यशाला (EC-UNDP Joint Task Force) मिति २०७२ वैशाख २१–२५ काठमाडौंमा आयोजना गर्ने गरी सम्पूर्ण तयारी पूरा भएकोमा संवत् २०७२ वैशाख १२ गते शनिबार गोरखा जिल्लामा केन्द्रविन्दु गरी गएको विनासकारी भूकम्पका कारण उक्त कार्यशाला स्थगित भएको थियो ।

## २.३ प्रकाशन तथा वितरण

(क) आयोगको नियमित प्रकाशन निर्वाचन पत्रिका, निर्वाचन बुलेटिन र वार्षिक प्रतिवेदनको प्रकाशन तथा वितरणको व्यवस्था मिलाइएको छ । यस अविधमा अर्धवार्षिक निर्वाचन पत्रिकाको वर्ष ४, अङ्क १, पूर्णाङ्क ६, २०७१ असोज अङ्क तथा त्रैमासिक निर्वाचन बुलेटिनको वर्ष ४, अङ्क २, पूर्णाङ्क १२, २०७१ पुस अङ्क, वर्ष ४, अङ्क ३, पूर्णाङ्क १३, २०७१ चैत्र अङ्क र वर्ष ५, अङ्क १, पूर्णाङ्क १४, २०७२ असार अङ्क प्रकाशित भएका छन् । त्यसैगरी यस अवधिमा वार्षिक प्रतिवेदन, २०७०/७१ समेत प्रकाशित भएको छ ।

(ख) अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० र उपनिर्वाचन, २०७१ लाई समेटेर तयार भएको संविधानसभा सदस्य निर्वाचन प्रतिवेदन प्रकाशन तथा वितरण गरिएको छ ।

(ग) नेपालमा हालसम्म विभिन्न मितिमा सम्पन्न भएका विभिन्न किसिमका

निर्वाचनसम्बन्धी तथ्याङ्क अभिलेखीकरण गरी तयार पारिएको जानकारीमूलक पुस्तिका Electoral Statistical Pocket Book को मस्यौदा तयारी गरी सम्पादनको क्रममा रहेको छ ।

(घ) संविधानसभा सदस्य निर्वाचन, २०७० सम्बन्धी तथ्याङ्कीय विवरण समेटिएको तथ्याङ्कीय झलक (Facts and Figures) अङ्ग्रेजी र नेपाली भाषामा तयार गरी वितरण गरिएको छ ।

(ङ) आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको नेपाली र अङ्ग्रेजी भाषामा छपाइ गरी निर्वाचनसँग सम्बन्धित सरोकारवाला, विकाससाझेदार निकाय, कुटनीतिक नियोग र नेपाल सरकारका विभिन्न निकायहरूमा वितरण गरिएको छ ।

(च) हालसम्मको निर्वाचनसम्बन्धी गतिविधिलाई समेटेर विश्लेषणात्मकरूपमा तयार पार्न लागिएको 'नेपालको निर्वाचन इतिहास' नामक पुस्तक लेखन कार्य प्रारम्भ भएको छ ।

## २.४ सामग्री हस्तान्तरण

आयोगमा रहेका विभिन्न १७ थान सवारी साधनहरू विभिन्न सरकारी एवं सार्वजनिक संस्थानहरू र प्रेससम्बन्धी उपकरणहरू जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई हस्तान्तरण गरिएको थियो ।

## २.५ लिलामी तथा कागजात धुल्याउने कार्य

जिन्सी निरीक्षण प्रतिवेदनको आधारमा आयोगमा रहेका पुराना फर्निचर तथा अन्य मेशिनरी उपकरणहरू (फोटोकपी मेशिन, प्रिन्टर, युपिएस आदि) प्रचलित कानुनअनुरूप लिलाम बिक्री गरिएको थियो ।

अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० मा प्रयोग भएका मतपत्र सहितका निर्वाचनसम्बन्धी कागजातहरू धुल्याउन र जिल्ला निर्वाचन कार्यालयमा रहेका २०७० भाद्र मसान्तसम्मका मतदाता दर्ता सम्बन्धी फारम सहितका कागजात, मतदाता नामावली (अर्को संविधानसभा सदस्य निर्वाचन तथा उपनिर्वाचनमा प्रयोग गरिएको मतदाता नामावली बाहेक), आयोगले फोटोसहितको मतदाता नामावली लागू गर्नु पूर्वका मतदाता परिचयपत्रहरू, परीक्षणको रूपमा सङ्कलन गरिएको पारिवारिक लगतपत्र र अन्य (आर्थिक प्रशासन सम्बन्धी कागजातहरू बाहेक) कागजातहरू धुल्याउन जिल्ला निर्वाचन कार्यालयहरूलाई परिपत्र गरी सो अनुसार सबै जिल्ला निर्वाचन कार्यालयबाट उक्त कागजातहरू धुल्याउने कार्य भएको थियो ।

## २.६ सामग्री प्राप्ति

निर्वाचन आयोगमा सञ्चालनमा रहेको डाटा सेन्टरका लागि यस वर्षमा देहाय बमोजिमका उपकरणहरू प्राप्त गरिएको छ :

१. Dell R815 Server १ थान
२. Dell MD 3620f Storage २ थान

## २.७ भूकम्प र त्यसको असर

२०७२ साल बैशाख १२ गते शनिबार गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पबाट आयोग र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीको मानवीय क्षति नभए पनि भौतिक संरचना तथा साधनस्रोतसमेतमा गम्भीर क्षति पुगेको थियो । आयोगको केन्द्रीय कार्यालय बहादुर भवनको मुख्य भवनको छत, पर्खाल र जगमासमेत क्षति पुगी चर्किन गएको छ । पिलर सिस्टम बिनाको सो भवनको भौतिक अवस्थाको निरीक्षण गर्न आएको प्राविधिक टोलीले भवनका केही कोठाहरू जोखिमपूर्ण रहेको भनी औँल्याएको छ ।

भूकम्पपश्चात् केही समयसम्म आयोगका केही शाखाहरूको काम कारबाही पुरानो भवनबाट हटाई निर्वाचन शिक्षा तथा सूचना केन्द्र र गोदाम घरबाट सञ्चालन गरिएको थियो भने सूचना प्रविधि महाशाखा हालसम्म पनि निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट सञ्चालन भइरहेको छ । आयोग र अन्तर्गतका कार्यालयमा भूकम्पबाट पुगेको क्षतिको विवरण देहायको तालिका नं. २ मा देखाइएको छ :

**तालिका नं. २**

| क्र.सं. | केन्द्र / जिल्ला निर्वाचन कार्यालय | क्षति विवरण |
|---|---|---|
| १. | केन्द्रीय कार्यालय | मुख्य भवनको छत, पर्खाल र जगमा क्षति पुगी पाँच कोठामा प्राविधिकबाट पहेँलो स्टिकर टाँस गरिएको । निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भवनका भित्ता सामान्य चर्केको । |
| २. | कास्की | गाडीमा क्षति पुगेको । |
| ३. | सिन्धुपाल्चोक | जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकको पुरानो घर भत्कँदा गाडी पूर्णरूपमा क्षति भएको । |
| ४. | सङ्खुवासभा | सोलार इन्भर्टर बिग्रेको । |

| क्र.सं. | केन्द्र / जिल्ला निर्वाचन कार्यालय | क्षति विवरण |
|---|---|---|
| ५. | सोलुखुम्वु | ल्यापटप राखेको दराज ढल्दा ३ वटा ल्यापटप क्षतिग्रस्त भएको । |
| ६. | दोलखा | कार्यालय सामग्रीसहित कार्यालय भवन क्षतिग्रस्त भएको तथा गाडी च्यापिई क्षतिग्रस्त भएको । |
| ७. | गोरखा | कार्यालय नजिकको घर भत्की गाडी च्यापिएर क्षति पुगेको । |
| ८. | मनाङ | कार्यालय भवन चर्केको । |
| ९. | मुस्ताङ | कार्यालय भवन चर्केको । |
| १०. | काठमाडौं | कार्यालय भवन चिराचिरा परी क्षतिग्रस्त भएको । |
| ११. | ललितपुर | कार्यालयसँगैको टावर ढल्दा कार्यालय भवनको माथिल्लो तल्ला क्षतिग्रस्त भएको । |
| १२. | भक्तपुर | कार्यालय सामग्रीमा सामान्य क्षति, कम्पाउण्ड पर्खाल भत्केको । |
| १३. | बागलुङ | कार्यालय भवनको माथिल्लो तल्ला क्षतिग्रस्त भएको । |
| १४. | सल्यान | कार्यालय भवन चर्केको । |

**उद्धार तथा राहत**

भूकम्पबाट पीडितहरूको तत्काल राहतको लागि आयोगका प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूबाट एक/एक महिनाको, सचिवबाट १५ दिनको, सहसचिव र उपसचिबबाट १० दिनको तथा शाखा अधिकृत र सोभन्दा तलका कर्मचारीहरूबाट ५ दिनको पारिश्रमिक कट्टी गरी एकमुष्ट रु. ७ लाख ७५ हजार ७ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराइएको थियो । भूकम्पबाट भएको क्षतिको विवरण सङ्कलन, राहत वितरण, पुनर्वास एवं पुनस्थापना लगायत विपद्पश्चातको आवश्यकता मूल्याङ्कन (Post Disaster Need Assessment) कार्यमा आयोगका १९ जना कर्मचारीहरू ललितपुर जिल्लाका विभिन्न गा.वि.स. तथा नगरपालिकामा खटिई जिम्मेवारी निर्वाह गरेका थिए । त्यसैगरी हरिसिद्दि, बुङमतिलगायत भूकम्पबाट प्रभावित उपत्यकाका विभिन्न स्थानमा पुगी आयोगका कर्मचारीहरूबाट भग्नावशेष हटाउनेलगायतका सरसफाइका कार्यहरू भएका थिए ।

त्यसैगरी आयोगद्वारा भूकम्पबाट प्रभावित सर्वसाधारणलाई करिब ४ महिनासम्म आयोग परिसरमा रहेको खुला स्थानमा अस्थायी बसोबास, खानेपानी, विजुली र शौचालयको

प्रवन्ध मिलाइएको थियो ।

**सामग्रीको संरक्षण**

भूकम्पबाट क्षति भएका विभिन्न जिल्ला निर्वाचन कार्यालयहरूको भवनमा क्षति पुगी पुनः भूकम्पबाट क्षति पुग्नसक्ने सम्भावनालाई विचार गरी सिन्धुपाल्चोक र दोलखा जिल्लाका जिल्ला निर्वाचन कार्यालयका महत्वपूर्ण डाटा सोही स्थानमा राखी रहँदा कुनै पनि बेला पूर्ण क्षति हुनसक्ने भएकोले ती जिल्लाका डाटा आयोगको सचिवालयमा ल्याई सुरक्षितरूपमा राखिएको छ ।

भूकम्प र पराकम्पहरूबाट क्षतिग्रस्त भएका जिल्ला निर्वाचन कार्यालयहरू दोलखा, सिन्धुपाल्चोक र गोरखाका सवारीसाधनहरू गम्भीर क्षति भएको र उक्त सवारी साधनहरू आयोगमा ल्याई सो मध्ये दोलखाको सवारी साधन तत्काल मर्मत गरी जिल्ला पठाइएको छ भने सिन्धुपाल्चोकलाई आयोगमा रहेको पुरानो सिङ्गल पिकअप सवारी साधन पठाइएको छ । त्यसैगरी जिल्ला निर्वाचन कार्यालयहरू दोलखा, सिन्धुपाल्चोक, धादिङ र काठमाडौंमा रहेका ल्यापटप, मतपेटिकासहितका सामग्रीहरू आयोगमा ल्याई सुरक्षित भण्डारणको व्यवस्था मिलाइएको छ ।

# परिच्छेद ३

# योजना, अनुगमन, अनुसन्धान तथा वैदेशिक सम्बन्ध

योजना, अनुगमन, अनुसन्धान तथा वैदेशिक सम्बन्धका क्षेत्रमा प्रतिवेदन वर्षमा भएका मुख्य कार्यहरू देहाय अनुसार रहेका छन् :

## ३.१ वार्षिक समीक्षा तथा दोस्रो रणनीतिक योजना तर्जुमा गोष्ठी

निर्वाचन आयोग र अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयबाट गत आ.व. मा भए गरेका कार्यहरूको समीक्षा गर्न तथा आयोगको दोस्रो रणनीतिक योजना तर्जुमाका लागि मिति २०७१ साउन ९ गतेदेखि १३ गतेसम्म काठमाडौंमा केन्द्रीय वार्षिक समीक्षा तथा दोस्रो रणनीतिक योजना तर्जुमा सम्बन्धी ५ दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीमा आयोगका पदाधिकारीहरू, अधिकृत स्तरका सबै कर्मचारी तथा ७५ जिल्लाका जिल्ला निर्वाचन अधिकारीहरूको सहभागिता रहेको थियो ।

वार्षिक समीक्षा गोष्ठीको समापन समारोहमा निम्न बमोजिमको पाँचबुँदे घोषणापत्र जारी गरिएको थियो :

(१) दोस्रो रणनीतिक योजनाको लागि तयार पारिएको प्रारम्भिक खाकामा अभिव्यक्त विषय, भावना र मर्मलाई आत्मसात् गर्दै निर्वाचन आयोगको रणनीतिक योजना (२०७१-२०७५) यही २०७१ मङ्सिर महिनाभित्र स्वीकृत गरी लागू गरिनेछ,

(२) आयोगलाई स्वतन्त्र एवं स्वायत्त निर्वाचन व्यवस्थापन निकायको रूपमा नयाँ संविधानमा स्थापित गर्न आवश्यक पर्ने आयोगको सङ्गठन संरचना, कार्य जिम्मेवारी र अधिकार सम्बन्धमा आयोगले संविधानसभालाई आवश्यक योगदान पुऱ्याउनेछ । यसै सिलसिलामा राष्ट्रिय आवधिक निर्वाचनको मितिको हकमा संविधानमै स्पष्ट किटान गर्न र अन्य निर्वाचनको हकमा निर्वाचन आयोगले मिति तोक्ने व्यवस्था हुन विशेष जोड दिइनेछ,

(३) वार्षिक समीक्षाको क्रममा आर्थिक वर्ष २०७०/०७१ मा सम्पादन भएका संविधानसभा सदस्य निर्वाचन, उपनिर्वाचन, वार्षिक नीति एवम् कार्यक्रमहरूको कार्यान्वयन र खर्चसम्बन्धी प्रतिवेदनहरूको विश्लेषणबाट देखिएका उपलब्धि तथा कमजोरीहरूबाट पृष्ठपोषण प्राप्त गर्दै चालु वर्षमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ,

(४) नेपाल सरकारबाट आर्थिक वर्ष २०७१/०७२ को वार्षिक नीति तथा कार्यक्रम एवम् बजेटमा अभिव्यक्त भए बमोजिम सम्बद्ध सबै पक्षसँग समन्वय गरी यस आर्थिक वर्षभित्र यथाशक्य छिटो स्थानीय निकायको निर्वाचन सञ्चालनको लागि मिति घोषणा हुनेमा विश्वस्त हुँदै उक्त निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवम् विश्वसनीय रूपमा सम्पन्न गर्न आयोग सदैव तयार रहनेछ,

(५) आयोगलाई उपलब्ध हुने सबै प्रकारको स्रोत साधनलाई उत्कृष्ट निर्वाचन सञ्चालन गर्नेगरी अधिकतम दक्षताका साथ सार्थक रूपमा प्रयोग गरिनेछ ।

आयोगको दोस्रो रणनीतिक योजना तर्जुमा प्रक्रियालाई व्यापक र सहभागितामूलक बनाउन वार्षिक समीक्षा गोष्ठीको अवसर पारेर दोस्रो रणनीतिक योजना तर्जुमा गोष्ठी आयोजना गरिएको थियो । उक्त गोष्ठीमा सम्पूर्ण सहभागीहरूबीच दोस्रो रणनीतिक योजना सम्बन्धमा छलफल गरी सुझाव सङ्कलन गरिएको थियो । यसैगरी आयोगका रा.प.अनं. प्रथम श्रेणीदेखि श्रेणीविहीन कर्मचारीहरू समेतको सहभागितामा मिति २०७१/५/२९ गते दोस्रो रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । उक्त गोष्ठीका सहभागीहरूबाट प्राप्त सुझावहरूलाई समेत दोस्रो रणनीतिक योजना तर्जुमा गर्दा समावेश गरिएको थियो ।

त्यसै गरी रणनीतिक योजना तर्जुमा विषयमा विभिन्न मितिमा राजनीतिक दल, नागरिक समाज, दातृ निकायका प्रतिनिधि तथा विभिन्न मन्त्रालयका प्रतिनिधिहरूबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सुझावहरू सङ्कलन गरिएको थियो । आयोगको मिति २०७१/९/१६ को निर्णयानुसार दोस्रो रणनीतिक योजना (२०७१-२०७५) को अङ्ग्रेजी भाषामा र मिति २०७२/३/१७ को निर्णयानुसार नेपाली भाषामा स्वीकृत भई लागू भएको छ ।

## ३.२ दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

आयोगले निर्दिष्ट लक्ष्य र क्रियाकलापसहित थालनी गरेको आयोगको पहिलो पञ्चवर्षीय रणनीतिक योजना वि.सं. २०६५–२०७० (सन् २००९–२०१३) को कार्यान्वयनको फलस्वरुप आयोगलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीयरूपमा निर्वाचन सञ्चालन गर्नको लागि संस्थागत रूपमा सबल बनाउने दिशामा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । पहिलो योजनामा निर्दिष्ट गरिएका ५१ क्रियाकलापहरूमध्ये २१ वटाको कार्यान्वयन उत्कृष्ट, १९ वटाको कार्यान्वयन उत्तम, ४ वटाको कार्यान्वयन अपूर्ण रह्यो भने ७ वटा क्रियाकलापहरू कार्यान्वयनमा आउन सकेनन् । विशेष गरी जैविक विवरणयुक्त (बायोमेट्रिक) फोटोसहितको मतदाता नामावली तथा सोको आधारमा

मतदाता परिचयपत्र तयार गरी लागू गर्ने कार्य पहिलो रणनीतिक योजनाको मुख्य उपलब्धिको रूपमा रहेको छ। फलस्वरुप २०७० सालमा अर्को संविधानसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न भयो । सो योजनाका अन्य उल्लेखनीय उपलब्धिहरूमा क्षेत्रीय र जिल्ला तहसम्म आयोगको सङ्गठनात्मक संरचनाको विस्तार, दक्ष तथा तालीम प्राप्त जनशक्तिको विकास, विभिन्न भाषामा मतदाता शिक्षा दिनुका साथै आयोगमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Centre) को स्थापना र निर्वाचन सञ्चालनमा सुधार रहेका छन् ।

पहिलो रणनीतिक योजना सफलतापूर्वक कार्यान्वयन भइसकेपछि आयोगले दोस्रो रणनीतिक योजना २०७१/०७२ – २०७५/०७६ तर्जुमा गरेको छ । यो रणनीतिक योजना आयोगले व्यापक रूपमा आयोग र अन्तर्गत कार्यालयका पदाधिकारी तथा कर्मचारीहरूको सहभागितामा छलफल गर्नुका साथै निर्वाचनसम्बद्ध अन्य सरोकारवालासँग समेत अन्तर्क्रिया गरी प्राप्त सुझावहरूको आधारमा तयार गरेको हो । यसमा दुई वर्षीय कार्ययोजना २०७१/०७२–२०७२/०७३ (सन् २०१५–२०१६) को ढाँचा एवं कार्यान्वयनको समयमा प्रयोग हुने अनुगमन र मूल्याङ्कनको कार्य ढाँचा समेत तयार गरी पाँच वर्षको लागि विशेष क्रियाकलापहरूको पहिचान एवं कार्यान्वयनको प्रभावकारी प्रबन्ध मिलाइएको छ ।

रणनीतिक योजनाका आधारमा आयोगले निर्वाचन प्रक्रिया, प्रणाली तथा मतदाता नामावलीमा सुधार गर्दै आइरहेको छ । आयोगले निर्धारण गरेका देहाय बमोजिमका दूरदृष्टि (Vision), अभियान (Mission), मार्गदर्शक सिद्धान्तहरू (Guiding Principles) र लक्ष्य एवं उद्देश्य (Objective and Goal) ले आयोगका क्रियाकलापहरूलाई मार्गदर्शन प्रदान गरिरहेका छन् ।

**दूरदृष्टि (Vision)** उत्कृष्ट निर्वाचन व्यवस्थापनका लागि आयोगलाई सक्षम निकायको रूपमा संस्थागत गर्ने ।

**अभियान (Mission)** संविधान निर्दिष्ट निर्वाचनलाई व्यावसायिक, कुशल, पारदर्शी र विश्वसनीय ढङ्गबाट सञ्चालन गर्ने ।

**मार्गदर्शक सिद्धान्तहरू (Guiding Principles)**

निर्वाचनका मार्गदर्शक सिद्धान्तहरूको रूपमा स्वायत्तता, निष्पक्षता, समावेशिता, पारदर्शिता, सेवा उन्मुखता, व्यावसायिक दक्षता, जिम्मेवारी र जवाफदेहिता, सहभागितामूलक पद्धति, विश्वसनीयता, लागत प्रभावकारिता, पूर्व क्रियाशीलता र नवप्रवर्तनलाई अवलम्बन गरिएको छ ।

**रणनीतिक लक्ष्यहरू**

दोस्रो पञ्चवर्षीय रणनीतिक योजनामा पाँच वटा रणनीतिक स्तम्भ (Strategic pillar) भित्र रहेर १७ वटा रणनीतिक लक्ष्यहरू र ती रणनीतिक लक्ष्यका आधारमा ९१ वटा

क्रियाकलापहरू तय गरी कार्यान्वयनमा रहेका छन् । रणनीतिक लक्ष्यहरूले योजना अन्तर्गतका क्रियाकलापहरू कार्यान्वयन भइसकेपछि आयोगले प्राप्त गर्न चाहेको अवस्थालाई प्राप्त गर्न सक्षम हुनेछ । रणनीतिक स्तम्भ र लक्ष्यहरू देहायबमोजिम रहेका छन् ।

**स्तम्भ १ संस्थागत विकास**

लक्ष्य १ आयोगको संस्थागत क्षमता सुदृढ गर्ने,

लक्ष्य २ योजना प्रक्रियालाई सुदृढ तुल्याउने,

लक्ष्य ३ नयाँ संविधानसँग अनुकूल हुने गरी निर्वाचनसम्बन्धी कानुनमा सुधार गर्ने ।

**स्तम्भ २ सङ्गठन र क्षमता विकास**

लक्ष्य ४ जिल्ला निर्वाचन कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्ने,

लक्ष्य ५ आयोगको मानव संसाधनको क्षमता अभिवृद्धि गर्ने,

लक्ष्य ६ सञ्चार माध्यमसँगको संलग्नता सुदृढ तुल्याउने ।

**स्तम्भ ३ दर्ता र निर्वाचन प्रविधि**

लक्ष्य ७ योग्य मतदाताहरूको दर्ता सुनिश्चित गर्ने,

लक्ष्य ८ राजनीतिक दलको दर्तालाई कुशलतापूर्वक नियमन र व्यवस्थित गर्ने,

लक्ष्य ९ सूचना प्रविधिको प्रयोग गरी निर्वाचन व्यवस्थापनमा सुधार गर्ने ।

**स्तम्भ ४ निर्वाचन शिक्षा र सङ्गठनात्मक पहुँच**

लक्ष्य १० मतदाता शिक्षा सुधार गर्ने,

लक्ष्य ११ निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्तरोन्नति गर्ने,

लक्ष्य १२ निर्वाचनसम्बन्धी अनुसन्धान गर्ने संस्था स्थापना गर्ने,

लक्ष्य १३ सबै तहको निर्वाचन व्यवस्थापनमा लैङ्गिक एवं समावेशिता (Gender and Inclusion) सुनिश्चित गर्ने,

लक्ष्य १४ निर्वाचनसँग सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय र साझेदारी सुदृढ गर्ने ।

**स्तम्भ ५ सामग्री व्यवस्थापन र निर्वाचन सञ्चालन**

लक्ष्य १५ मतदाता र निर्वाचन अधिकारीमैत्री निर्वाचन सञ्चालन गर्ने,

लक्ष्य १६ सामग्री व्यवस्थापन कुशलतापूर्वक गर्ने,

लक्ष्य १७ निर्वाचन जोखिम व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने ।

## ३.३ केन्द्रीय अनुगमन

आयोगका आफ्ना निर्दिष्ट नीति, कार्यक्रम र कार्ययोजना तोकिएको समय र गुणस्तरमा सम्पादन भएका छन् छैनन् तथा कार्य सम्पादन गर्दा आइपरेका समस्या, चुनौति के कस्ता रहेका छन् भन्ने विषयमा आयोगको जिल्लास्थित जिल्ला निर्वाचन कार्यालयहरूको अनुगमन गरिएको थियो ।

केन्द्रबाट अनुगमन गर्ने क्रममा आयोगबाट यसअघि अनुगमन नभएका जिल्ला निर्वाचन कार्यालयहरूको स्थलगत अनुगमन गर्ने कार्यलाई प्राथमिकतामा राखिएको थियो । यस प्रयोजनको लागि सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४० को उपनियम ३ र नियम ४१ को उपनियम १ द्वारा निर्धारित निरीक्षण तथा अनुगमन फारमका साथसाथै आयोगको अनुगमन फारमसमेत एकीकृत गरी अनुगमन गर्ने व्यवस्था मिलाइएको थियो । आयोगका अधिकृतस्तरका कर्मचारीहरूको नेतृत्वमा ३१ वटा जिल्लाहरूमा अनुगमन गरिएको थियो ।

## ३.४ शान्तिकोष सचिवालयसँगको सहायतामा सञ्चालित परियोजना सम्पन्न

संविधानसभा सदस्य निर्वाचन, २०७० तथा उपनिर्वाचन, २०७१ का लागि शान्तिकोष सचिवालयबाट स्वीकृत Next Constituent Assembly Election (NCAE) 2013, Operating Next Constituent Assembly Election (ONCAE) 2013, NCAE By-Election 2071 को परियोजना सम्पन्न भएकोले सोको प्रतिवेदन शान्तिकोष सचिवालयमा बुझाइएको छ । Support to Election Project: II (STEP) को परियोजना सम्पन्न प्रतिवेदनसमेत मिति २०७१/६/३० मा शान्तिकोष सचिवालयमा बुझाइएको छ ।

## ३.५ दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायहरू (FEMBoSA) को पाँचौँ बैठक

दक्षिण एशियाली देशहरू अफगानिस्तान, बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्काका निर्वाचन व्यवस्थापन गर्ने निकायहरूको पाँचौँ बैठक २९-३० नोभेम्बर, २०१४ तदनुसार २०७१ मङ्सिर १३-१४ गते काठमाण्डौमा सम्पन्न भएको छ । सर्वप्रथम यस मञ्चको बैठक सार्क राष्ट्रका निर्वाचन व्यवस्थापन निकायका प्रमुखहरूको उपस्थितिमा सन् २०१० मा बङ्गलादेशको ढाकामा सम्पन्न भएको थियो । यसैगरी मञ्चको दोस्रो तथा तेस्रो बैठक क्रमशः सन् २०११ र सन् २०१२ मा पाकिस्तान

तथा भारतमा सम्पन्न भएको थियो । मञ्चको तेस्रो बैठकमा यसको नाम Forum of Election Management Bodies of South Asia राखियो र विधानको अनुमोदनसमेत गरियो । मञ्चको चौथो बैठक भुटानको थिम्पुमा सम्पन्न भएको थियो । नेपालमा आयोजित मञ्चको बैठकमा नेपाल बाहेकका सदस्य राष्ट्रका निर्वाचन व्यवस्थापन गर्ने निकायहरूबाट प्रमुख निर्वाचन आयुक्त र अन्य प्रतिनिधिहरू गरी जम्मा १६ जनाको सहभागिता रहेको थियो । सो बैठकको उद्घाटन सम्माननीय उपराष्ट्रपति परमानन्द झाले गर्नुभएको थियो भने उक्त बैठकले १० बुँदे काठमाण्डौ घोषणापत्रसमेत पारित गरेको थियो ।

उक्त पाँचौँ बैठकमा छलफलको मुख्य विषय राजनीतिक दल तथा उम्मेदवारले निर्वाचनमा गर्ने खर्च (Campaign Finance) रहेको थियो भने बैठकमा अन्य विषयहरू निर्वाचन र सञ्चार माध्यम, निर्वाचन र लैङ्गिक सवाल, निर्वाचन व्यवस्थापनमा प्रविधिको प्रयोग, निर्वाचन व्यवस्थापन निकायहरूमा सेवा सुविधाको अवस्थामा समेत छलफल भएको थियो । बैठकले Free and Fair Election: Pride of Nation लाई मञ्चको नाराको रूपमा स्वीकृत गरेको थियो भने मञ्चको अध्यक्षतासमेत नेपाललाई हस्तान्तरण गर्दै आगामी छैठौँ बैठक श्रीलङ्कामा गर्ने निर्णय गरेको थियो । बैठकमा नेपालबाहेक अन्य देशबाट सहभागी भएका आयुक्त तथा प्रतिनिधिहरूको नामावली **अनुसूची** ४ तथा १० बुँदे काठमाण्डौ घोषणापत्र **अनुसूची ५** मा संलग्न गरिएको छ ।

उक्त बैठकको निर्णय बमोजिम दक्षिण एशियाली क्षेत्रमा लोकतन्त्र र निर्वाचनसम्बन्धी अध्ययनको लागि South Asian Institute for Democracy and Electoral Studies (SAIDES) काठमाडौंमा स्थापना गर्ने निर्णय बमोजिम उक्त केन्द्र स्थापना गर्न आवश्यक गृहकार्य अगाडि बढाइएको छ ।

## ३.६ जग्गा प्राप्ति र भवन निर्माण

आयोगको संस्थागत सुदृढीकरण अन्तर्गत सबै जिल्ला निर्वाचन कार्यालयहरूको लागि जग्गा प्राप्ति तथा भवन निर्माणको कार्य क्रमशः भइरहेको छ । हालसम्म ७ वटा जिल्ला निर्वाचन कार्यालयहरूको आफ्नै भवन रहेको, ४ वटा जिल्लामा भवन निर्माणको कार्य भइरहेको, १२ वटा जिल्लाको लागि जग्गा प्राप्ति भएको तथा ३ वटा जिल्लामा जग्गा प्राप्तिको प्रक्रिया चलिरहेको अवस्था रहेको छ । जिल्ला निर्वाचन कार्यालयहरूको जग्गा प्राप्ति तथा भवन निर्माणको विवरण देहायको तालिका नं. ३ अनुसार रहेको छ :

**तालिका नं. ३**

| क्र. सं. | विवरण | जिल्लाहरू |
|---|---|---|
| १. | भवन निर्माण भइसकेका जिल्ला निर्वाचन कार्यालयहरू | झापा, मोरङ, कास्की, चितवन, पाल्पा, अछाम र कैलाली |
| २. | भवन निर्माण भइरहेका जिल्ला निर्वाचन कार्यालयहरू | ओखलढुङ्गा, मकवानपुर, दैलेख र सुर्खेत |
| ३. | जग्गा प्राप्त भएका जिल्लाहरू | ताप्लेजुङ, उदयपुर, सर्लाही, धादिङ, रसुवा, रामेछाप, सोलुखुम्बु, तनहुँ, म्याग्दी, पर्वत, प्युठान, बर्दिया |

जग्गा प्राप्त भएका जिल्लाहरूको लागि क्रमशः बजेटको व्यवस्था गर्दै निर्माण कार्य अघि बढाउने नीति आयोगको रहेको छ । आगामी आर्थिक वर्षसम्ममा नयाँ ८ वटा जिल्ला निर्वाचन कार्यालयहरूको भवन निर्माण कार्य शुरू गर्ने योजना रहेको छ । यसैगरी विभिन्न जिल्ला निर्वाचन कार्यालयहरूको लागि जग्गा प्राप्तिको कार्य पनि जारी रहेको छ । प्रतिवेदन वर्ष ०७१/७२ मा भवन निर्माणतर्फ रू. ४ करोड ८३ लाख र कम्पाउण्ड वालतर्फ रू. ५० लाख ६० हजार बजेट स्वीकृत भई सो अनुसार बाँडफाँट भएको थियो ।

## ३.७ लैङ्गिकता तथा समावेशीकरण

आयोगले निर्वाचन प्रक्रियालाई लैङ्गिक तथा समावेशीमैत्री बनाउन २०७० साउनमा लैङ्गिक तथा समावेशीकरण नीति, २०७० स्वीकृत गरी लागू गरिसकेको छ । नीति कार्यान्वयनका लागि माननीय निर्वाचन आयुक्त श्री इला शर्माको संयोजकत्वमा लैङ्गिक तथा समावेशी समन्वय समितिको गठन भई कार्यान्वयनमा रहेको छ भने निर्वाचन व्यवस्थापन महाशाखा प्रमुख (लैङ्गिक सम्पर्क विन्दु) को संयोजकत्वमा लैङ्गिक तथा समावेशी इकाइ गठन भई क्रियाशील रहेको छ । नीतिको नियमित तथा प्रभावकारी कार्यान्वयन गर्न पाँच वर्षीय रणनीति (२०७१/७२-२०७५/७६) र १ वर्षे (२०७१-२०७२) कार्ययोजना समेत तयार गरिएको छ । निर्वाचन आयोगको मिति २०७२।३।२७ को निर्णयानुसार रणनीति तथा कार्ययोजना स्वीकृत भएको छ । यसबाट आयोगले आगामी दिनमा लैङ्गिक तथा समावेशीताको क्षेत्रमा गर्ने कार्यको मापनमा सहज हुनेछ ।

१०५ औं अन्तर्राष्ट्रिय नारी दिवसको सन्दर्भमा आयोगको लैङ्गिक तथा समावेशी इकाइको अग्रसरतामा “निर्वाचन र महिला सहभागिता” विषयमा नेपालका सबै संवैधानिक निकाय तथा मन्त्रालयहरूका लैङ्गिक सम्पर्क विन्दु/व्यक्तिहरूको सहभागितामा मिति २०७१ फागुन १८ गते आयोगमा एक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा निर्वाचन र महिला सहभागिता सम्बन्धमा तीनवटा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

# परिच्छेद ४
# मतदाता नामावली

लोकतन्त्रको मूल आधार भनेकै 'स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन' भएकोले स्वच्छ तथा निष्पक्ष निर्वाचन हुनको लागि मतदाता नामावलीको अहम भूमिका रहेको हुन्छ । आयोगको दोश्रो रणनीतिक योजना (२०७१-२०७५) ले लिएको मुख्य रणनीतिमध्ये फोटोसहितको मतदाता नामावलीको तयार गरी आगामी निर्वाचनमा उक्त नामावली प्रयोग गर्नु पनि रहेको छ ।

आयोगको दोश्रो रणनीतिक योजना (२०७१-२०७५) को उद्देश्य बमोजिम मतदाता नामावलीमा पूर्ण रूपमा शुद्धता कायम गरी सही मतदाताको पहिचानको व्यवस्था गर्ने, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्य स्थानीय स्तरबाट गराउने, फोटो सहितको मतदाता नामावली तयार गर्न प्रारम्भ गर्ने र मतदाता नामावलीको आवधिक कार्य वर्षभरी नै खुल्ला गर्ने जस्ता लक्ष्य रहेका छन् ।

रणनीतिक योजना तथा मतदाता नामावली सम्बन्धी ऐनको आधारमा विभिन्न समयमा मतदाता नामावली सम्बन्धी नियमावली तयार गरी कार्यविधिगत रूपमा मतदाता विवरण सङ्कलन तथा अद्यावधिकको कार्य जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा वर्षभरी नियमित रूपमा सञ्चालन गरिँदै आएको छ ।

## ४.१ मतदाता नामावलीसम्बन्धी कार्यहरू

### ४.१.१ निरन्तर मतदाता दर्ता

मतदाता नामावली तयारीसम्बन्धी कार्य एक गतिशील कार्य तथा निरन्तर प्रक्रिया भएको हुँदा आयोगले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्यलाई निरन्तर रूपमा सञ्चालन गर्दै आइरहेको छ । यसक्रममा देशभरका ७५ वटै जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र २६ वटा इलाका प्रशासन कार्यालयमा नियमित रूपमा मतदाता दर्ता कार्य सञ्चालन भएको तथा विभिन्न मेला स्टलहरूबाट समेत समय समयमा नामावली दर्ता गरिएको थियो, जसको विस्तृत विवरण तलको तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

| क्र. सं. | दर्ता स्थान | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| १. | जिल्ला निर्वाचन कार्यालय | ७,८४७ | १३,३६२ | ० | २१,२०९ |
| २. | जिल्ला प्रशासन कार्यालय | १,०६,१०१ | १,५२,८१४ | ० | २,५८,९१५ |
| ३. | इलाका प्रशासन कार्यालय | ३०,२४९ | ३८,११७ | ० | ६८,३६६ |
| | जम्मा | १,४४,१९७ | २,०४,२९३ | ० | ३,४८,४९० |

माथिको तालिकालाई देहाय अनुसारको वृत्त चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र नं.१**




### ४.१.२ मतदाता नामावली सङ्कलन तथा अद्यावधिक

आयोगले प्रत्येक वर्ष मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम गर्दै आएको छ । २०७१ माघ १५ गतेदेखि चैत्र मसान्तसम्म चरणबद्ध रूपमा हुने गरी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम, २०७१ सञ्चालन गर्ने आयोगको निर्णय बमोजिम देशभरका सम्पूर्ण गा.वि.स. तथा नगरपालिकाका वडाहरू समेटी कुल ५४०५ स्थानमा अद्यावधिक कार्यक्रम सञ्चालन गरिएको थियो । नयाँ नाम दर्ता गर्ने तथा नाम समावेश भएका मतदाताको नाम ठेगाना आदि विवरणमा रहेका त्रुटी र अस्पष्टता सच्याई

नामावली अद्यावधिक गर्ने उद्देश्यले सञ्चालित सो कार्यक्रममा कुल ४,०१,४६५ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका थिए । उक्त कार्यक्रममा भएको जिल्लागत नामावली दर्ताको विवरण **अनुसूची ६** मा उल्लेख गरिएको छ ।

### ४.१.३ एकीकृत घुम्ती शिविरमा मतदाता नामावली दर्ता

जिल्ला प्रशासन कार्यालयले जिल्लाका विभिन्न स्थानमा नियमित रूपमा सञ्चालन गर्ने एकीकृत घुम्तिसेवामा जिल्ला निर्वाचन कार्यालयलाईसमेत सहभागी गराई मतदाता नामावली दर्ताको कार्य गरिएको थियो । २०७१ साल श्रावणदेखि २०७२ साल असार मसान्तसम्म विभिन्न ३४ जिल्लाका ७० स्थानमा त्यस्तो कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमबाट कुल ११,८७० जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका थिए । जसको विस्तृत विवरण **अनुसूची ७** मा प्रस्तुत गरिएको छ ।

### ४.१.४ निर्देशिका/मापदण्ड परिमार्जन

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम, २०७१ कार्यान्वयनको लागि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम निर्देशिका, २०६८ मा दफा १४ क र १४ ख थप गरी निर्देशिकामा परिमार्जन गरिएको थियो, जसमा मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि गा.वि.स/न.पा. का वडा सचिव संयोजक रहने ३ सदस्यीय स्थानीय समन्वय समितिको गठन र समितिको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ ।

### ४.१.५ मतदाता नामावली / परिचय-पत्रको छपाइ

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम, २०७१ सञ्चालन गर्ने क्रममा संविधानसभा सदस्य निर्वाचन, २०७० को क्रममा प्रयोग गरिएको मतदाता नामावली पुनः छपाइ गरी सबै गा.वि.स/न.पा. वडा सचिव र निर्वाचन शिक्षा कार्यकर्तालाई उपलब्ध गराइएको थियो ।

## ४.२ विदेशमा रहेका नेपालीहरूको मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धमा अध्ययन

विदेशमा रहेका नेपालीहरूको मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धमा आयोगको निर्णयानुसार प्रतिवेदन वर्षमा विभिन्न मुलुकहरूको स्थलगत अध्ययन भ्रमण सम्पन्न भएको छ । निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङको नेतृत्वमा अमेरिका, निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको नेतृत्वमा अष्ट्रेलिया, निर्वाचन आयुक्त डा. रामभक्त

पी.बी. ठाकुरको नेतृत्वमा अरब क्षेत्रका पाँचवटा देशहरू संयुक्त अरब इमिरेट्स, बहराइन, कुवेत, साउदी अरेबिया र कतार तथा निर्वाचन आयुक्त श्री इला शर्माबाट बेल्जियम र बेलायतमा स्थलगत अध्ययन सम्पन्न भएको छ । यस वर्ष स्थलगत अध्ययन गरी तयार पारिएका यी प्रतिवेदनका सम्बन्धमा नेपालस्थित सम्बन्धित कुटनीतिक नियोगका प्रतिनिधिहरूसँगसमेत छलफल गरिएको छ ।

# परिच्छेद ५

# निर्वाचन शिक्षा तथा सूचना

निर्वाचन आयोगले प्रभावकारी निर्वाचन व्यवस्थापनका लागि आयोग र अन्तर्गत कार्यरत कर्मचारीको क्षमता विकास गर्न तथा निर्वाचनमा प्रत्यक्ष सरोकार राख्ने मतदाता, राजनीतिक दल, सञ्चारकर्मी आदिका लागि विभिन्न प्रकारले निर्वाचन शिक्षा प्रदान गर्ने गरेको छ ।

आयोग र अन्तर्गतका कार्यालयहरूमा कार्यरत विभिन्न तहका कर्मचारीहरूलाई क्षमता विकाससम्बन्धी विभिन्न तालिम तथा स्वदेशी एवं वैदेशिक अध्ययन, अवलोकन भ्रमणको अवसर उपलब्ध गराइँदै आएको छ । वैदेशिक अध्ययन, अवलोकन भ्रमणमा गएका आयोगका पदाधिकारी तथा आयोग र अन्तर्गतका कर्मचारीहरूको नामावली **अनुसूची ८** मा संलग्न गरिएको छ । आयोगमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने क्रममा आयोगको कामको प्रकृति र कर्मचारीको योग्यता, रुचि तथा चाहना बमोजिमका तालिम तथा क्षमता विकासका क्रियाकलापहरू सञ्चालन गर्न तालिम आवश्यकता पहिचान (Training Need Assessment- TNA) फारम विकास गरी स्वीकृत गरिएको थियो । सोही अनुसार आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्न विभिन्न तालिमहरू सञ्चालन गरिएको थियो । आगामी दिनमा पनि तालिम आवश्यकता पहिचान गरी क्षमता विकास एवं तालिम कार्यक्रम निरन्तर सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

## ५.१ निर्वाचन शिक्षासम्बन्धमा भएका तालिम तथा प्रशिक्षणहरू

### ५.१.१ निर्वाचन जोखिम व्यवस्थापन र भू–सूचना सम्बन्धी तालिम

निर्वाचनका सन्दर्भमा आइपर्न सक्ने जोखिमको विश्लेषण तथा भू–सूचनाको उपयोग गरी निर्वाचन व्यवस्थापनमा सहजता ल्याउन सघाउ पुऱ्याउने हेतुले जिल्ला निर्वाचन अधिकारी तथा अन्य कर्मचारीहरूलाई निर्वाचन जोखिम व्यवस्थापन र भू–सूचना सम्बन्धी तालिम ३ चरणमा सञ्चालन गरिएको छ । २०७१ साल भाद्र २६ देखि २८ सम्म वागमती, नारायणी, जनकपुर र सगरमाथा अञ्चलका जिल्लाहरूबाट जम्मा २२ जना सहभागीका लागि पहिलो चरणमा, २०७१ साल भाद्र २९ देखि ३१ गतेसम्म मेची, कोशी, लुम्बिनी, गण्डकी, धवलागिरी अञ्चलका जिल्लाहरूबाट जम्मा २७ जना

सहभागीका लागि दोस्रो चरणमा र २०७१ साल असोज १ देखि ३ गतेसम्म महाकाली, सेती, कर्णाली, भेरी र राप्ती अञ्चलका जिल्लाहरूबाट जम्मा ३३ जनाका लागि तेस्रो चरणमा गरी कुल ८२ जना सहभागीलाई उक्त तालिम प्रदान गरिएको छ ।

### ५.१.२ लैङ्गिकता, समावेशीकरण र निर्वाचन विषयक ब्रिज तालिम

निर्वाचनको प्रक्रिया र पद्धतिसमेतमा महिला, दलित, अपाङ्गता भएका, पिछडिएको क्षेत्र, वर्ग समेतको सहभागिताका लागि लैङ्गिकता, समावेशीकरण र निर्वाचन विषयक ३ दिने ब्रिज तालिम विभिन्न मितिमा विभिन्न स्थानमा सम्पन्न भएको थियो । नागरिक समाजका प्रतिनिधिहरू, महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिहरूको समेत प्रतिनिधित्व हुने गरी सञ्चालन भएको उक्त तालिमको स्थान, मिति, सहभागी सङ्ख्या र सहभागी जिल्लासम्बन्धी विवरण देहायबमोजिमको तालिका नं. ५ मा दिइएको छ :

**तालिका नं. ५**

| क्र.सं. | स्थान | मिति | सहभागी जिल्ला | सहभागी |
|---|---|---|---|---|
| १. | धनगढी | २०७१ मङ्सिर २१ देखि २३ | कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा र बैतडी | २५ |
| २. | धुलिखेल | २०७१ मङ्सिर २१ देखि २३ | काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र रसुवा | २५ |
| ३. | बागलुङ | २०७१ कार्तिक २३ देखि २५ | मुस्ताङ, म्याग्दी, पर्वत, बागलुङ र कास्की | २५ |
| ४. | सुर्खेत | २०७१ कार्तिक २३ देखि २५ | बाँके, बर्दिया, सुर्खेत, दैलेख र जाजरकोट | २५ |
| जम्मा | | | | १०० |

### ५.१.३ निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रिज कार्यशाला

आयोगमा नयाँ पदस्थापना भएका शाखा अधिकृत तथा आयोगका कर्मचारीहरूका लागि २०७१ साल कार्तिक २ देखि ४ गतेसम्म निर्वाचनसम्बन्धी विभिन्न विषय समेटी निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रिज कार्यशाला सञ्चालन गरियो । उक्त कार्यशालामा २२ कर्मचारीको सहभागिता रहेको थियो ।

त्यस्तै गरी आयोगमा कार्यरत राजपत्र अनङ्कित कर्मचारीहरूका लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक तीनदिने ब्रिज तालिम २०७२ असार २ देखि ४ गतेसम्म आयोजना गरिएको थियो । यस तालिममा ९ जना महिला र १५ जना पुरुष गरी २४ जना कर्मचारी सहभागी रहेका थिए । यस तालिममा निर्वाचन, निर्वाचन चक्र, निर्वाचन प्रणाली, निर्वाचन कानुन, निर्वाचनका सरोकारवालाहरू, मतदाता नामावली, मतदाता शिक्षा, निर्वाचन योजना तथा सामग्री व्यवस्थापन जस्ता विषयमा प्रशिक्षण दिइएको थियो ।

### ५.१.४ सामाजिक अध्ययन विषयका शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण

आयोगको २०७० साल माघ २० गतेको निर्णयानुसार सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिँदै आएको छ । प्रतिवेदन वर्षमा आयोगमा सञ्चालन भएको यस कार्यक्रममा ४२ वटा सामुदायिक विद्यालय र ४० वटा निजी विद्यालयका ६९ जना पुरुष र २६ जना महिला गरी जम्मा ९५ जना शिक्षकको सहभागिता रहेको थियो । प्रशिक्षण कार्यक्रममा मूलतः लोकतन्त्र र संविधान, निर्वाचन प्रणाली, नागरिकको भूमिका र कर्तव्य, मतदाता नामावली, निर्वाचन व्यवस्थापन र सरोकारवालाहरूको भूमिकाको बारेमा जानकारी गराउने गरिएको छ ।

प्रतिवेदन वर्षमा काठमाण्डौ उपत्यका बाहिरका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकका लागि विभिन्न जिल्लामा फरक फरक समयमा देहाय अनुसार निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो ।

**तालिका नं. ६**

सामाजिक अध्ययन शिक्षकका लागि प्रशिक्षण कार्यक्रमको विवरण

| क्र.सं. | मिति | स्थान | सहभागी सङ्ख्या |
|---|---|---|---|
| १. | २०७१ मङ्सिर २५ देखि २८ | सुर्खेत | ५० |
| २. | २०७१ चैत्र ७ देखि १० | धनगढी, कैलाली | १४३ |
| ३. | २०७२ असार २३ देखि २६ | पोखरा, कास्की | १९१ |
| ४. | २०७२ असार २३ देखि २६ | विर्तामोड, दमक र भद्रपुर, झापा | २४२ |
| जम्मा | | | ६२६ |

### ५.१.५ निर्वाचन प्रक्रियामा सरोकारवालाहरूको पहुँच (Access to Electoral Process) विषयक ब्रिज कार्यशाला

निर्वाचन प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका, पिछडिएको क्षेत्र, वर्ग समेतको सक्रिय सहभागिता गराउने उद्देश्यले २०७१ साल पुस २ देखि ४ गतेसम्म निर्वाचन प्रक्रियामा सरोकारवालाहरूको पहुँच Access to Electoral Process विषयक ब्रिज कार्यशालाको आयोजना गरियो । उक्त कार्यशालामा सम्बन्धित क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधिहरू, विभिन्न जिल्लाका जिल्ला निर्वाचन अधिकारीहरू र आयोगका शाखा अधिकृतहरू गरी २५ जनाको सहभागिता रहेको थियो ।

### ५.१.६ मतदाता नामावली सङ्कलन तथा अद्यावधिक तालिम

देशभर रहेका गा.वि.स. तथा नगरपालिकाका वडाहरूमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गर्न ७५ जिल्लाका जिल्ला निर्वाचन अधिकारी र कम्प्युटर अधिकृत/अपरेटरहरूका लागि दुई चरणमा मतदाता नामावली अद्यावधिकसम्बन्धी तालिम सञ्चालन गरिएको थियो । तालिमसम्बन्धी विवरण देहाय अनुसारको तालिका नं. ७ मा दिइएको छ :

**तालिका नं. ७**

| क्र.सं. | मिति | स्थान | सहभागी जिल्ला |
|---|---|---|---|
| १. | २०७१/०९/२४ देखि २०७१/०९/२६ सम्म | कैलाली | ९ |
| २. | २०७१/०९/२४ देखि २०७१/०९/२६ सम्म | नेपालगञ्ज | १५ |
| ३. | २०७१/०९/२४ देखि २०७१/०९/२६ सम्म | विराटनगर | १२ |
| ४. | २०७१/०९/२८ देखि २०७१/०९/३० सम्म | पोखरा | १४ |
| ५. | २०७१/०९/२८ देखि २०७१/०९/३० सम्म | धुलिखेल (क) | १२ |
| ६. | २०७१/०९/२८ देखि २०७१/०९/३० सम्म | धुलिखेल (ख) | १३ |

### ५.१.७ सार्कस्तरीय ब्रिज TtF कार्यक्रम

आयोगको आयोजनामा मिति २०७१ माघ ४ गतेदेखि माघ १४ (तदनुसार १८ देखि २८ जनवरी सन् २०१५) सम्म काठमाडौंमा SAARC Regional Level TtF (Train the Facilitator) कार्यक्रम सम्पन्न भएको थियो ।

सार्क राष्ट्रका सबै निर्वाचन व्यवस्थापन गर्ने निकायबाट सहभागिता रहेको उक्त कार्यक्रममा ६ जना महिला र १५ जना पुरुष गरी जम्मा २१ जना सहभागी रहेका थिए । ११ दिनसम्म सञ्चालन भएको उक्त प्रशिक्षणमा अन्तर्राष्ट्रिय सहजकर्ता (विज्ञ) को रूपमा Mr. Ossama Kamel को संलग्नता रहेको थियो । यस प्रशिक्षण कार्यक्रमबाट सार्क राष्ट्रका निर्वाचन व्यवस्थापन गर्ने निकायहरूबीच अनुभव आदानप्रदान गर्न तथा निर्वाचनसम्बन्धी प्रचलित अभ्यासका बारेमा जानकारी हासिल गर्न समेत मद्दत पुगेको छ ।

२०७१ माघ १४ गते सम्पन्न उक्त प्रशिक्षण कार्यक्रमको समापनको अवसरमा सहभागीहरूलाई BRIDGE TtF को Partial Accreditation भएको प्रमाणपत्र समेत वितरण गरिएको थियो । उक्त कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि साझेदार संस्थाहरू UNDP/ESP, IFES र International IDEA बाट भौतिक तथा प्राविधिक सहयोग प्राप्त भएको थियो ।

### ५.१.८ बहिरा नागरिकका लागि निर्वाचन शिक्षा प्रशिक्षण

बहिरा नागरिकका लागि विभिन्न मितिमा निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । बहिरा महासङ्घ र युएनडिपी इएसपीको सहयोगमा सञ्चालित उक्त कार्यक्रमसम्बन्धी विवरण देहायअनुसारको तालिका नं. ८ मा दिइएको छ :

**तालिका नं. ८**

| क्र. सं. | प्रशिक्षण मिति | स्थान | सहभागी सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १. | २०७१ माघ २६ देखि २८ गतेसम | विराटनगर | ७ | १७ | २४ |
| २. | २०७१ माघ २६ देखि २८ गतेसम्म | चितवन | १० | १६ | २६ |
| ३. | २०७१ फागुन १ देखि ३ गतेसम्म | सिन्धुली | ९ | १८ | २७ |
| ४. | २०७१ फागुन १ देखि ३ गतेसम्म | पोखरा | ८ | १५ | २३ |

### ५.१.९ Political Finance विषयक प्रशिक्षण कार्यक्रम

स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनका लागि निर्वाचन अभियान खर्च व्यवस्थापन

विषयमा २०७१ फागुन ११ गतेदेखि १३ गतेसम्म ३ दिने Political Finance प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो । तालिमको श्रोत व्यक्तिको रूपमा अभियान खर्च व्यवस्थापन विज्ञ Mr. Magnus Ohman हुनुहुन्थ्यो भने कार्यक्रममा आयोगका उपसचिव र अधिकृतगरी जम्मा २५ जना सहभागी रहेका थिए ।

### ५.१.१० लोकतन्त्र तथा निर्वाचनसम्बन्धी अध्ययन कार्यक्रम

निर्वाचन आयोग र काठमाडौं विश्वविद्यालयबीच मिति २०७१/११/११ मा भएको समझदारीपत्र अनुसार आयोग र अन्तर्गत कार्यरत कर्मचारी तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरू समेत जम्मा २६ जनालाई लोकतन्त्र तथा निर्वाचनसम्बन्धी विषयमा आयोगमा तीन क्रेडिटसहितको पोष्ट ग्रेजुयट अध्यापन कार्यक्रम सञ्चालन गरिएको छ । २०७१ साल फागुन १८ देखि चैत्र ६ गतेसम्म सञ्चालन भएको उक्त अध्ययनका लागि काठमाडौं विश्वविद्यालयले पाठ्यक्रम तयार गरेको थियो भने ओस्लो विश्वविद्यालयका प्राध्यापक श्री नेइल, निर्वाचन विज्ञ श्री कोरे भोलान, तत्कालीन प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेती र निर्वाचन आयुक्त श्री इला शर्मा स्रोत व्यक्तिको रूपमा रहनुभएको थियो । यस कार्यक्रममा निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय/राष्ट्रिय कानुन, निर्वाचन व्यवस्थापन गर्ने निकाय, निर्वाचन प्रणाली, निर्वाचन प्रक्रिया, निर्वाचन पर्यवेक्षण, निर्वाचनमा विद्युतीय मतदान यन्त्रको प्रयोग आदि विषय समावेश गरिएको थियो ।

### ५.१.११ नागरिक शिक्षा तथा मतदाता सूचना विषयक प्रशिक्षण कार्यक्रम

निर्वाचनमा सुसूचित मतदाताको सहभागिताको महत्व र मतदाता शिक्षा एवं सूचना विषयमा मिति २०७१ चैत्र २ र ३ गते २ दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो ।। आयोगमा सञ्चालित उक्त कार्यक्रममा निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट ६ जना, जिल्ला निर्वाचन कार्यालय काठमाण्डौ, मोरङ, कास्की, धनगढी र नेपालगन्जबाट १० जना र UNDP/ESP बाट ८ गरी जम्मा २४ जना सहभागी थिए। कार्यक्रमको मुख्य प्रशिक्षकको रूपमा Australian Election Commission का BRIDGE Facilitator Mr. Brian Latham रहेका थिए ।

### ५.१.१२ नेतृत्व सीपसम्बन्धी कार्यशाला

२०७१ साल चैत्र ४ र ५ गते आयोगमा नेतृत्व सीपसम्बन्धी कार्यशालाको आयोजना गरियो । निर्वाचन व्यवस्थापनका हरेक कार्यमा केन्द्रीय तत्वको रूपमा रहने जनशक्तिको क्षमता विकास गर्न नेतृत्व सीप आवश्यक पर्ने हुँदा आयोगका कर्मचारीहरूलाई सोसम्बन्धी ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले आयोजित सो कार्यशालामा आयोगका अधिकृतस्तरका २४ जना कर्मचारीको सहभागिता रहेको थियो ।

### ५.१.१३ क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र सञ्चालन

आफ्नै कार्यालय भवन रहेका क्षेत्रीयस्तरका जिल्ला निर्वाचन कार्यालयहरूमा क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र सञ्चालन गर्ने आयोगको निर्णय अनुरूप पहिलो चरणमा जिल्ला निर्वाचन कार्यालय, कास्की र कैलालीमा क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र सञ्चालन गरिएको छ ।

निर्वाचन सहायता परियोजना (ESP) को सहायतामा २०७१ साल चैत्र महिनादेखि उक्त कार्य प्रारम्भ गरी २०७२ साल जेठ महिनामा कार्य सम्पन्न गरिएको थियो । २०७२ साल जेठ ३१ गते निर्वाचन सहायता परियोजनाले जिल्ला निर्वाचन कार्यालय कास्कीका जिल्ला निर्वाचन अधिकारीलाई क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्र, कास्की हस्तान्तरण गरेको थियो । उक्त केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि २०७२ साल असार ७ देखि ९ सम्म जिल्ला निर्वाचन कार्यालय कास्कीमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

त्यसैगरी निर्वाचन सहायता परियोजनाले जिल्ला निर्वाचन कार्यालय, कैलालीका जिल्ला निर्वाचन अधिकारीलाई क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्र, कैलाली हस्तान्तरण गरेको थियो । उक्त केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि २०७२ साल असार ११ देखि १३ सम्म अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त केन्द्रहरूबाट सामुदायिक तथा निजी विद्यालयका विद्यार्थी, राजनीतिक दलका कार्यकर्तालगायतका सरोकारवालालाई निरन्तर निर्वाचन शिक्षा तथा निर्वाचन केन्द्रित मतदाता शिक्षा प्रदान गर्ने कार्य शुरू गरिएको छ ।

निर्वाचन आयोगबाट सञ्चालित प्रशिक्षण कार्यक्रममा युएनडिपि इएसपी, आइएफइएस र International IDEA नेपालको सहयोग प्राप्त भएको थियो ।

## ५.२ निर्वाचन शिक्षा तथा सूचना केन्द्रको अवलोकन भ्रमण

निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा सामुदायिक विद्यालय, निजी विद्यालय, राजनीतिक दलका प्रतिनिधिहरूलगायत अन्य समूहले अवलोकन गरी निर्वाचन शिक्षाका सन्दर्भमा प्रत्यक्ष रूपमा जानकारी लिएका छन् । प्रतिवेदन वर्षमा यस केन्द्रमा जम्मा १११ समूहले अवलोकन भ्रमण गरेका छन्, जसमध्ये सामुदायिक विद्यालयबाट २२ समूह, निजी विद्यालयबाट ६८ समूह, गैससबाट २ समूह, अन्तर्राष्ट्रिय गैसस, राजनीतिक दल, नागरिक समाज र अन्य सरोकारवालाहरूबाट १९ समूहले भ्रमण गरेका छन् । यस अवधिमा २,१२३ जना पुरुष र २,०२३ जना महिला गरी जम्मा ४,१४६ जनाले केन्द्रको अवलोकन भ्रमण गरेका छन् । स्थापनाकालदेखि प्रतिवेदन वर्षसम्ममा जम्मा १९,२९६ जनाले यस

केन्द्रको भ्रमण गरिसकेका छन् ।

## ५.३ रेडियो कार्यक्रम

आयोगले निर्वाचनसम्बन्धी विविध विषयलाई समेटेर आम मतदाता, राजनीतिक दल र सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले साप्ताहिक रेडियो कार्यक्रम (प्रत्येक शनिवार विहान ७.४० देखि ७.५५ सम्म १५ मिनेट) सञ्चालन गर्दै आएको छ । यस कार्यक्रममा विशेषतः निर्वाचन कानुन, आयोगका महत्वपूर्ण निर्णयहरू, राजनीतिक दल तथा सरोकारवालाहरूसँग भएको छलफल, विचार गोष्ठी, अन्तरक्रिया, विभिन्न तालिमका साथै आयोगका गतिविधिहरूलाई समेटिने गरेको छ ।

# परिच्छेद ६
# निर्वाचन व्यवस्थापन तथा सञ्चालन

निर्वाचनको सञ्चालन र व्यवस्थापन गर्नु आयोगको महत्वपूर्ण जिम्मेवारी तथा कार्य हो जस अन्तर्गत आयोगले निर्वाचन पूर्व, निर्वाचन अवधि तथा निर्वाचनपश्चात् गर्नुपर्ने विशिष्ट कार्यहरू गर्दै आएको छ । प्रतिवेदन वर्षमा निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी भए गरेका मुख्य कार्यहरू देहायबमोजिम रहेका छन् :

## ६.१ संविधानसभा सदस्य उपनिर्वाचन

अर्को सविधानसभा सदस्य निर्वाचन, २०७० मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सभासद श्री हरिबहादुर खड्काको मिति २०७१ मङ्सिर २१ गते सवारी दुर्घटनामा परी मृत्यु भई रिक्त संविधानसभा सदस्य पदको लागि नेपाल सरकारले २०७१/१२/२८ गते उपनिर्वाचन गर्ने गरी मिति २०७१/१०/२९ गते निर्वाचनको मिति घोषणा गरेको थियो । उक्त निर्वाचन घोषित मितिमा सफलतापूर्वक सम्पन्न भएको छ ।

### ६.१.१ निर्वाचन कार्यतालिका तयारी र स्वीकृति

संविधानसभा सदस्य उपनिर्वाचन सम्पन्न गर्ने प्रयोजनका लागि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक, मतदानमा प्रयोग हुने विद्युतीय मतदान उपकरणको परीक्षण, निर्वाचन शिक्षा कार्यकर्ता एवं स्वयंसेवकको तालिम, मतदाता शिक्षा कार्यक्रम सञ्चालन, निर्वाचन अधिकृतको नियुक्ति तथा कार्यालय स्थापना, पर्यवेक्षण, सञ्चार माध्यम अनुगमन, निर्वाचन आचार संहिता कार्यान्वयन र मतदानमा खटिने कर्मचारीको प्रशिक्षण लगायतका मुख्य मुख्य क्रियाकलापलाई समेटी आयोगबाट २५ वटा क्रियाकलाप सहितको एकीकृत निर्वाचन कार्यतालिका स्वीकृत भएको थियो ।

### ६.१.२ निर्वाचन अधिकृत नियुक्ति

बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ को संविधानसभा सदस्य उपनिर्वाचनको लागि संविधानसभा सदस्य निर्वाचन ऐन, २०७० को दफा १० को उपदफा (२) बमोजिम आयोगबाट मिति २०७१।११।१७ को निर्णयानुसार न्यायसेवा आयोगबाट परामर्श प्राप्त गरी यस आयोगका सहन्यायाधिवक्तालाई मुख्य निर्वाचन अधिकृत नियुक्त गर्ने सम्बन्धमा आवश्यक कारवाही बढाइएको थियो ।

## ६.१.३ निर्वाचन कार्यक्रम

उपनिर्वाचन सञ्चालनका लागि आयोगले २०७१ फागुन १ मा देहायको मितिमा देहायका क्रियाकलाप सञ्चालन गर्ने गरी निर्वाचन कार्यक्रम स्वीकृत गरी सोही बमोजिम सञ्चालन गरिएको थियो ।

**तालिका नं. ९**

निर्वाचन कार्यक्रम

| क्र. सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७१।११।०१ | २०७१।११।०१ | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय, जिल्ला सदरमुकाम |
| २. | उम्मेदवारको मनोनयनपत्र दर्ता सूची प्रकाशन गर्ने | २०७१।११।०१ | २०७१।११।०१ | १०.०० | १७.०० | ,, |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७१।११।०३ | २०७१।११।०३ | १०.०० | १७.०० | ,, |
| ४. | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७१।११।०४ | २०७१।११।०४ | १०.०० | १७.०० | ,, |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७१।११।०५ | २०७१।११।०५ | १०.०० | १७.०० | ,, |
| ६. | उम्मेदवारको नाम फिर्ता लिने | २०७१।११।०६ | २०७१।११।०६ | १०.०० | १७.०० | ,, |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७१।११।०७ | २०७१।११।०७ | १०.०० | १७.०० | ,, |
| ८. | उम्मेदवारलाई निर्वाचन | २०७१।११।०८ | २०७१।११।०८ | १०.०० | १७.०० | ,, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चिन्ह प्रदान गर्ने | | | | | |
| ९. | मतदान गर्ने | २०७१।१२।२८ | २०७१।१२।२८ | ७.०० | १७.०० | ,, |

### ६.१.४ निर्देशिका तयारी

निर्वाचन सञ्चालनको लागि विभिन्न कानुनी व्यवस्थाको सरल र सहज रूपमा जानकारी र कार्यगत एकरूपताको लागि आयोगले संविधानसभा सदस्य उपनिर्वाचनसम्बन्धी विभिन्न निर्देशिका तयारी, स्वीकृति र कार्यान्वयन गरेको थियो । उपनिर्वाचन प्रयोजनका लागि तयार गरिएका निर्देशिका र आचार संहिता देहायअनुसार रहेका छन् :

(१) संविधानसभा सदस्य उपनिर्वाचन निर्देशिका, २०७१
(२) विद्युतीय मतदान उपकरण प्रयोग निर्देशिका, २०७१
(३) संविधानसभा सदस्य उपनिर्वाचन (आर्थिक) निर्देशिका, २०७१
(४) संविधानसभा सदस्य उपनिर्वाचन मतदान अधिकृत निर्देशिका,२०७१
(५) संविधानसभा सदस्य उपनिर्वाचन (विद्युतीय) मतगणना निर्देशिका,२०७१
(६) संविधानसभा सदस्य उपनिर्वाचन विवाद निरुपण निर्देशिका, २०७१
(७) राष्ट्रिय पर्यवेक्षकका लागि संविधानसभा सदस्य उपनिर्वाचन पर्यवेक्षण आचार संहिता, २०७१

### ६.१.५ मतदाता नामावली दर्ताको अन्तिम मिति/मतदाताको उमेर १८ वर्ष पुग्ने मिति निर्धारण

उपनिर्वाचनका लागि आवश्यक पर्ने अन्तिम मतदाता नामावली तयार गर्न बागलुङ जिल्लाको जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयबाट प्राप्त मतदाता नामावली केन्द्रमा प्राप्त गर्ने, रुजु गर्ने र दोहोरो नाम हटाई अन्तिम मतदाता नामावली प्रकाशन गर्ने उद्देश्यसहित आयोगको २०७१/११/४ को निर्णयानुसार २०७१।११।१० गतेसम्मको लागि अन्तिम मतदाता दर्ता मिति र २०७१/११/१५ गतेसम्मको लागि मतदाताको १८ बर्ष पुग्ने अन्तिम मिति निर्धारण गरिएको थियो । उक्त मितिसम्म बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं.१ मा फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउने जम्मा मतदाताको सङ्ख्या ५२,२०२ रहेको थियो ।

### ६.१.६ मतदाता नामावली तथा मतदाता परिचय पत्र

मतदाता नामावली तयारीका लागि आवश्यक सफ्टवेयर मोड्युल विकास गरिएको थियो जसमार्फत बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ का लागि अन्य जिल्लामा सङ्कलित मतदाता नामावली एकीन गरी केन्द्रीय डाटाबेसमा एकीकरण गरिएको थियो। सङ्कलित डाटाको एकीकरणपश्चात् त्यसमा रहेको दोहोरो नाम हटाउने, महिला पुरुषको नाम तथा तस्विर लगायतका विवरण रुजुपश्चात् ४ प्रति मतदाता नामावली छपाई गरी राजनीतिक दल, मतदान केन्द्र र जिल्ला निर्वाचन कार्यालयको प्रयोजनको लागि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा पठाइएको थियो।

उपनिर्वाचनमा संविधानसभा सदस्य निर्वाचन, २०७० पश्चात् मतदाता नामावलीमा नाम दर्ता भई १८ बर्ष पूरा गरेका सबै मतदाता र २०७० साल भन्दा अगाडि मतदाता नामावलीमा नाम दर्ता भएका १८ वर्ष उमेर नपुगेका तर २०७१/११/१५ सम्ममा १८ बर्ष उमेर पूरा भएका कुल ४,३२२ मतदाता तथा हराएका र च्यातिएका मतदाता परिचयपत्रसमेत छपाई गरी सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा पठाई वितरणको व्यवस्था मिलाइएको थियो। सो निर्वाचन क्षेत्रमा जम्मा मतदाता सङ्ख्या ५२,२०२ (पुरूष २३,७४२ र महिला २८,४६०) कायम रहेको थियो।

### ६.१.७ अन्तरक्रिया, तालिम तथा प्रशिक्षण

उपनिर्वाचनमा विद्युतीय मतदानयन्त्रबाट निर्वाचन सम्पन्न गर्ने सन्दर्भमा २०७१ फागुन २२ गते बागलुङमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा राजनीतिक दल, सञ्चारकर्मी, सरकारी निकायका प्रतिनिधि गरी जम्मा ४५ जना सहभागी रहेका थिए। सोही सन्दर्भमा २०७१ चैत्र ९ गते आयोगमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा संविधानसभामा प्रतिनिधित्व गर्ने विभिन्न ३० राजनीतिक दल, पर्यवेक्षक संस्था, सुरक्षा निकाय, गृह मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधि, मिडिया तथा साझेदार संस्थाका प्रतिनिधिहरू गरी जम्मा ७२ जना सहभागी रहेका थिए।

मिति २०७१ साल फागुन १५ गते एक दिने मतदाता शिक्षा प्रशिक्षक प्रशिक्षण आयोगमा सञ्चालन गरिएको थियो। त्यसैगरी उपनिर्वाचनमा विद्युतीय मतदान यन्त्रको प्रयोगका बारेमा मतदाताहरूलाई सुसूचित गराई सही तरीकाबाट मतदान गराउन आयोगले तयार गरेका निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकहरूका लागि प्रशिक्षण सञ्चालन गरिएको हो।

उक्त उपनिर्वाचनलाई लक्षित गरी २०७१ चैत्र १३ गते आयोगमा मतदान तथा मतगणना प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको थियो। आयोगका उपसचिव र शाखा अधिकृत गरी जम्मा ८ जना सहभागी रहेको उक्त कार्यक्रम मतदान अधिकृत तथा सहायक मतदान

अधिकृतहरूलाई प्रशिक्षण दिन प्रशिक्षक तयार गर्ने ध्येयले सञ्चालन गरिएको थियो । त्यसैगरी २०७१ चैत्र १८ गतेदेखि २१ गतेसम्म बागलुङमा चार दिने मतदान तथा मतगणना प्रशिक्षण सञ्चालन गरिएको थियो जसमा मतदान अधिकृत तथा सहायक मतदान अधिकृत गरी जम्मा १५० जना सहभागी रहेका थिए ।

### ६.१.८ पर्यवेक्षण

उपनिर्वाचनमा २ वटा राष्ट्रिय पर्यवेक्षण संस्थाहरू- राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) र नागरिक अनुगमन समाजले पर्यवेक्षण गर्न आवेदन दिई आयोगबाट स्वीकृति पाएका थिए । उक्त संस्थाहरूबाट उपनिर्वाचन पर्यवेक्षणको लागि ५९ जना राष्ट्रिय पर्यवेक्षकहरू खटिएका थिए । दुवै संस्थाहरूले आयोगसमक्ष संविधानसभा सदस्य उपनिर्वाचन पर्यवेक्षणसम्बन्धी अन्तिम प्रतिवेदन बुझाइसकेका छन् ।

### ६.१.९ Election Event Tracking

अर्को संविधानसभा सदस्य निर्वाचनमा प्रयोगमा आएको Election Event Tracking System संविधानसभा सदस्य उपनिर्वाचनमा समेत प्रयोग गरिएको थियो । विगतमा १४ वटा घटना (Election Event) लाई समावेस गरिएकोमा धेरै Code प्रयोग गर्दा Reporting गर्न कठिन भएको भन्ने मतदान अधिकृतको पृष्ठपोषणलाई समेत ध्यानमा राखी यस उपनिर्वाचनमा जम्मा ६ वटा Event मार्फत मात्र Reporting गर्ने व्यवस्था मिलाइएको थियो । यस उपनिर्वाचनका लागि ३५ जना मतदान अधिकृतको मोबाइल नम्बर सहितको विवरण Tracking System मा प्रविष्ट गरिएको थियो । मतदानको समयमा केन्द्रबाट जम्मा ३ वटा निर्देशन Election Event Tracking System को माध्यमबाट मतदान अधिकृतलाई पठाइएको थियो ।

### ६.१.१० विद्युतीय मतदान

उपनिर्वाचनका विभिन्न चरणहरूमा विद्युतीय मतदानका लागि आवश्यक तयारी तथा कार्यान्वयन गरिएको थियो ।

जम्मा ७० सेट मतदान उपकरण आवश्यक पर्नेमा जगेडा सहित ९१ सेट मतदान उपकरण परीक्षण तथा सिलिङ् गरी तयारी अवस्थामा राखिएको थियो ।

मतदान अधिकृत तथा सहायक मतदान अधिकृत गरी जम्मा ७० जनाका लागि विद्युतीय मतदान यन्त्रबाट मतदान गर्ने विधि सम्बन्धमा ३ दिने तालिम सञ्चालन गरिएको थियो । मतदानको दिन विभिन्न मतदान केन्द्रमा आइपर्न सक्ने समस्याको समाधानका लागि ५ वटा मोबाइल सपोर्ट टोली परिचालन गरिएको थियो ।

### ६.१.११ निर्वाचन आचार संहिता

उपनिर्वाचनलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउनका लागि संविधानसभा सदस्य उपनिर्वाचन, २०७१ आचार संहिता लागू गरिएको थियो । उक्त उपनिर्वाचनमा देहायका निकायका लागि देहायको मितिदेखि आचार संहिता लागू गरिएको थियो:

**तालिका नं. १०**

निर्वाचन आचार संहितासम्बन्धी विवरण

| क्र.सं. | आचार संहिता लागू हुने निकाय | आचार संहिता लागू भएको मिति |
|---|---|---|
| १. | नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्था, स्थानीय निकाय र राजनीतिक दल | २०७१।११।४ देखि |
| २. | उम्मेदवार | मनोनयनपत्र दर्ता भएको मिति २०७१।१२।०१ देखि |
| ३. | गैरसरकारी संस्था तथा निजी सञ्चार माध्यम | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेको मिति २०७१।१२।८ देखि |

### ६.१.१२ उम्मेदवारी

उपनिर्वाचनमा विभिन्न १० वटा राजनीतिक दलको तर्फबाट १० जना र स्वतन्त्रबाट ३ जना गरी जम्मा १३ जना उम्मेदवारले उम्मेदवारी दिएका थिए । उम्मेदवारी दिने १३ जनामा पुरुष ९ जना र महिला ४ जना थिए । राजनीतिक दलबाट उम्मेदवारी दिएका १० जनामा २ जना महिला र ८ जना पुरुष थिए भने स्वतन्त्रतर्फका ३ जनामा २ जना महिला र १ जना पुरुष थिए ।

अर्को संविधानसभा सदस्य निर्वाचनमा भाग लिई निर्वाचन खर्चको विवरण पेश नगरी क्रमश: रु १०००।- (एक हजार रुपैयाँ) र ५००।- (पाँच सय रुपैयाँ) जरीवाना गरिएका राजनीतिक दल तथा उम्मेदवारलाई आयोगको मिति २०७१।११।२५ को निर्णयअनुसार बागलुङ जिल्लाको क्षेत्र नं १ को उपनिर्वाचनमा भाग लिन नपाउने गरी रोक लगाइएको थियो ।

### ६.१.१३ मतदानस्थल/केन्द्र

संविधानसभा सदस्य निर्वाचन, २०७० का बखत कायम भएका मतदानस्थल/केन्द्रलाई नै उपनिर्वाचन प्रयोजनका लागिसमेत मतदानस्थल/केन्द्र कायम गरी मतदान कार्य सम्पन्न

भएको थियो । सो अनुसार उक्त क्षेत्रका ३५ मतदानस्थलमा ७० मतदान केन्द्र रहेका थिए ।

### ६.१.१४ मतपत्र व्यवस्थापन

उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग गरिएकोले मतदान उपकरणमा राख्न आवश्यक पर्ने मतपत्र र निविदा मतपत्रको डिजाइन र छपाई गरिएको थियो । मतदान उपकरणमा रहने मतपत्र र निविदा मतपत्र आयोगको छापाखानामा छपाई गरी मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको थियो ।

उपनिर्वाचनमा प्रयोग हुने विद्युतीय मतदान उपकरणको मतदान एकाईमा राख्ने प्रयोजन तथा जगेडा र सिलबन्दीको क्रममा खेरजानसक्ने समेतका लागि १४० थान, निविदा मतदान प्रयोजनको लागि प्रति मतदान केन्द्र १० वटाका दरले ७०० थान र आयोगमा अभिलेख राख्ने प्रयोजनका लागि २ प्रति गरी जम्मा ८४२ थान मतपत्र छापिएको थियो ।

### ६.१.१५ जनशक्ति व्यवस्थापन

मिति २०७१ साल चैत्र २८ गते सम्पन्न बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ को उपनिर्वाचनको लागि मतदाता सङ्ख्याका आधारमा ७० वटा मतदान केन्द्रमा जम्मा ६३० जना कर्मचारी परिचालन गरिएको थियो ।

### ६.१.१६ मतदान र मतगणना

(क) मतदान : २०७१ चैत्र २८ गते शनिबारका दिन बिहान ७.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म मतदान कार्य सञ्चालन भएको थियो । उक्त क्षेत्रमा कुल ५२,२०२ मतदाता रहेकोमा ३८,०४८ मतदाताले मतदान गरेका थिए । यो सङ्ख्या कुल मतदाता सङ्ख्याको ७२.८९ % रहेको छ ।

(ख) मतगणना : २०७१ चैत्र २८ गते विहान ७.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म मतदान कार्य सञ्चालन भएको थियो । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा विद्युतीय मतदान उपकरण सहितका सम्पूर्ण निर्वाचन सामग्री प्राप्त भइसकेपश्चात् स्थानीयस्तरमा सर्वदलीय बैठकमा सहमति कायम गरी मतगणनाको कार्य प्रारम्भ भएको थियो । मतगणना कार्य २०७१ चैत्र २९ बाट शुरु भई सोही दिन सम्पन्न भएको थियो ।

### ६.१.१७ निर्वाचन परिणाम

२०७१ चैत्र २८ गते सम्पन्न बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ को संविधानसभा सदस्य उपनिर्वाचनको निर्वाचन परिणाम देहायअनुसार तालिका नं. ११ मा देखाइएको छ :

**तालिका नं. ११**

| क्र.सं. | उम्मेदवारको नाम | लिङ्ग | उमेर (बर्ष) | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मन कुमारी जि.सी. | महिला | ४३ | नेकपा एमाले | १५०६८ | निकटतम प्रतिद्वन्दी |
| २. | कृष्ण बहादुर के.सी | पुरुष | ४७ | एनेकपा माओवादी | २५०५ | |
| ३. | नविनचन्द्र सर्वुजा थापा | पुरुष | ६३ | राप्रपा नेपाल | २६५ | |
| ४. | चम्पादेवी खड्का | महिला | ५० | नेपाली काँग्रेस | १७१५४ | निर्वाचित |
| ५. | कुल बहादुर किसान | पुरुष | ४८ | नेकपा माले | ४४४ | |
| ६. | बाबुराम शर्मा | पुरुष | ५१ | नेपाल परिवार दल | ३५ | |
| ७. | रुक बहादुर पुन | पुरुष | ४६ | राष्ट्रिय जनमुक्ति पार्टी नेपाल | ६० | |
| ८. | नेत्र बहादुर बुढाथोकी | पुरुष | ४१ | राष्ट्रिय जनमोर्चा | १९४९ | |
| ९. | रेशम थापा मगर | पुरुष | ३२ | सङ्घीय समाजवादी पार्टी नेपाल | २४४ | |
| १०. | क्षेत्र प्रताप थापा | पुरुष | २७ | राष्ट्रवादी एकता पार्टी | २५ | |
| ११. | तुलसी थापा | पुरुष | ३० | स्वतन्त्र | ३४ | |
| १२. | नैन कुमारी के.सी | महिला | ५७ | स्वतन्त्र | ५९ | |
| १३. | सरस्वती पन्त | महिला | ४२ | स्वतन्त्र | २०६ | |

# परिच्छेद ७

# सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन

## ७.१ Continuous Voters Registration प्रणाली विकास

UNDP/ESP को सहयोगमा अघिल्लो आ.व.मा शुरु गरिएको Continuous Voters Registration प्रणाली विकासको कार्य अन्तिम चरणमा पुगेको छ । ESP र निर्वाचन आयोगको संयुक्त प्राविधिक टोलीबाट उक्त प्रणालीको User Acceptance Test (UAT) सम्पन्न भएको छ । उक्त प्रणालीमा Online, निरन्तर दर्ताका लागि योग्य, Free and Open Source डाटाबेसको प्रयोग, Record History को व्यवस्था भएको जस्ता विशेषताहरू रहेका छन् । उक्त प्रणालीमा देहाय बमोजिमका मोड्युलहरू छन्

क. Voters' Registry

- CVLA: Central Voters' List Application
- DVLA: District Voters' List Application
- DCA: Data Collection Application

ख. Identity Module

ग. Log Module

## ७.२ नगरपालिकाअनुसार मतदाता नामावली अद्यावधिक

नेपाल सरकारले दुईचरणमा गरी साविकका गा.वि.स./गा.वि.स.का वडाहरू समावेश गरी नयाँ नगरपालिका गठन गरेको थियो । मतदाता नामावलीको डाटाबेससमेत अद्यावधिक गर्नु अपरिहार्य भएकोले मौजुदा मतदाता नामावलीको डाटाबेसलाई नवगठित नगरपालिकासँग तादात्म्यता हुने गरी अद्यावधिक गरिएको छ ।

## ७.३ Oracle डाटाबेसबाट PostgreSQL डाटाबेसमा स्थानान्तरण

मतदाता नामावलीको व्यवस्थापनका लागि Oracle डाटाबेसको ठूलो सञ्चालन खर्चलाई विश्लेषण गरी यसको सट्टा Free and Open Source डाटाबेस PostgreSQL प्रयोग गर्ने निर्णय निर्वाचन आयोगले अघिल्लो आ.व. मा नै गरेको थियो । सो निर्णय बमोजिम

मतदाता नामावलीलाई Oracle Platform बाट PostgreSQL मा स्थानान्तरण गर्ने कार्यका लागि Migration tool विकास गरी सफलतापूर्वक स्थानान्तरण कार्य सम्पन्न गरिएको छ ।

## ७.४ Training Information Management System (TIMS) को कार्यान्वयन

आयोगले विभिन्न विषय र तहमा सञ्चालित तालिम कार्यक्रममा संलग्न जनशक्तिको विवरण व्यवस्थित र अद्यावधिक रूपमा राख्नको लागि TIMS नामक एक छुट्टै सफ्टवेयरको विकास गरेको छ । तालिमका सहभागीहरूको नाम, ठेगाना, शैक्षिक योग्यता, तालिमसम्बन्धी विवरण, निर्वाचनसम्बन्धी अनुभव आदि विवरणहरू उक्त सफ्टवेयरमा राख्न सकिने व्यवस्था गरिएको छ । TIMS मा Data entry को कार्य शुरु गरिएको छ । हालसम्म करिब ६००० विवरणको Entry सम्पन्न भइसकेको छ ।

## ७.५ विविध

निर्वाचनका विविध गतिविधिहरूमा आइपर्न सक्ने सम्भावित जोखिमहरूका बारेमा पूर्वजानकारी प्राप्त गरी सम्भावित नोक्सानी तथा दुर्घटनाबाट बच्नको लागि निर्वाचन जोखिम व्यवस्थापन Tool को प्रयोग गर्ने कार्यको शुरुवात गरिएको छ । यसैगरी निर्वाचनका गतिविधिमा प्रविधिको प्रयोग गरी निर्वाचन व्यवस्थापनलाई सहज बनाउनको लागि भू–सूचना प्रणालीको समेत प्रयोग गर्ने गरिएको छ । देशभर रहेका मतदान केन्द्रको विवरण यस प्रणालीमा राखे पश्चात् यसैमार्फत मतदान केन्द्रसम्बन्धी विवरण लिन सकिनेछ । निर्वाचनका सन्दर्भमा निर्वाचन जोखिम व्यवस्थापन र भू–सूचना प्रणालीको प्रयोग गर्नको लागि जिल्ला निर्वाचन अधिकारी र अन्य कर्मचारीहरूलाई तालिम प्रदान गर्ने कार्य थालनी गरिएको छ ।

निर्वाचनका गतिविधिहरूमा प्रविधिको प्रयोग गरी निर्वाचन व्यवस्थापनलाई सहज बनाउने उद्देश्यअनुरुप विगतमा झैँ २०७१ चैत्र २८ गते बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ को संविधानसभा सदस्य उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग गरी मतदान कार्य सम्पन्न भएको थियो ।

Electoral Expert Roster तयार गर्ने कार्यका लागि Online आवेदन गर्न सकिने गरी Software application विकास गरी कार्यान्वयन गरिएको थियो ।

सिंहदरबारस्थित Government Integrated Data Centre (GIDC) मा निर्वाचन आयोगको बेग्लै इन्टरनेट सेवा जडान गरी सोही अनुरुप त्यहाँको सर्भरहरू Configure गरिएको र ३ वटा Public IP Address पनि लिइएको छ ।

# परिच्छेद ८

# निर्वाचन कानुन तथा राजनीतिक दल व्यवस्थापन

## ८.१ कानुनी विषय

प्रतिवेदन वर्षमा निर्वाचनसम्बन्धी विधेयकको मस्यौदा तयारी, उपनिर्वाचनका लागि आवश्यक निर्देशिका तयारी तथा नियमित रूपमा आयोगबाट प्रकाशन हुने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेलगायतका देहाय अनुसारका कार्यहरू गरिएका थिएः

### ८.१.१ निर्वाचन आचार संहिता, २०७२

निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाहरूले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ बमोजिम आयोगले सबै किसिमका निर्वाचनको लागि लागू गरिने निर्वाचन आचार संहिता, २०७२ स्वीकृत गरेको छ । सरोकारवालासँगको छलफल पछि आयोगको मिति २०७२।३।१४ को निर्णयानुसार निर्वाचन आचार संहिता, २०७२ स्वीकृत भएको हो । निर्वाचन आचार संहिता, २०७२ को मस्यौदा तयार पार्ने क्रममा आयोगले अलग अलग मितिमा ईलाम, चितवन, रूपन्देही, सुर्खेत, कञ्चनपुर र काठमाडौंमा सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गरेको थियो ।

### ८.१.२ नेपाल राजपत्रमा सूचना प्रकाशन

प्रतिवेदन अवधिमा निर्वाचनसम्बन्धी देहायका सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने कार्य सम्पन्न गरिएको थियो :

(१) नेपाली काँग्रेसका संविधानसभा सदस्य सुशील कोइराला, डा. अमरेश कुमार सिंह, कल्पना सोब, ओमदेवी मल्ल जोशी र सरवत आरा खानम हलुवाईनी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेजमा आलम, आशा यादव र मदनकुमारी शाह (गरिमा शाह), मधेशी जनअधिकार फोरम, नेपालका डा. शिवजी यादव, संघीय सदभावना पार्टीका डा. डिम्पल कुमारी झा र नेकपा (माले) का सभासद कमला विश्वकर्माको नाम /थर सच्याइएको सम्बन्धी सूचना,

(२) राष्ट्रिय प्रजातन्त्र पार्टीका संविधानसभा सदस्य जयन्त चन्द र नेपाली काँग्रेसका नरेन्द्र विक्रम नेम्वाङ्गको ठेगाना परिवर्तन सम्बन्धी सूचना,

(३) मिति २०७१ चैत्र २८ गते बागलुङ जिल्ला क्षेत्र नं. १ मा हुने भएको संविधानसभा सदस्य उपनिर्वाचन सम्बन्धमा देहाय बमोजिमको सूचना

(क) मिति २०७१।१२।२८ गते शनिवारका दिन बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदानको समय निर्धारण गरिएको सम्बन्धी सूचना,

(ख) मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम, २०७१ स्वीकृत गरेको सम्बन्धी सूचना,

(ग) मतदाता (१८ वर्ष उमेर पूरा) हुन योग्य हुने अन्तिम मिति निर्धारण गरिएको सम्बन्धी सूचना,

(घ) उम्मेदवारको मनोनयनको औपचारिक पत्रमा हस्ताक्षर गर्न अधिकारप्राप्त पदाधिकारीको आधिकारिक दस्तखत नमूना उपलब्ध गराउने सम्बन्धी सूचना,

(ङ) निर्वाचन कार्यक्रम स्वीकृत गरिएको सम्बन्धी सूचना,

(च) निर्वाचन प्रचार-प्रसारको लागि प्रयोग हुने पर्चाको आकार निर्धारण गरिएको सम्बन्धी सूचना,

(छ) निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ को दफा २१ अन्तर्गत सजाय हुने कसुरको अनुसन्धान अधिकृत तोकिएको सम्बन्धी सूचना,

(ज) राजनीतिक दलका तर्फबाट भाग लिने उम्मेदवार र स्वतन्त्र उम्मेदवारको लागि निर्वाचन चिन्ह निर्धारण गरेको सम्बन्धी सूचना,

(झ) संविधानसभा सदस्य उपनिर्वाचनमा बागलुङ जिल्ला क्षेत्र नं.१ बाट नेपाली काँग्रेसका उम्मेदवार श्री चम्पादेवी खड्का सविधानसभा सदस्य निर्वाचित हुनु भएको सम्बन्धी सूचना।

(४) सबै किसिमका निर्वाचनको लागि लागू गरिने निर्वाचन आचार संहिता, २०७२ सम्बन्धी सूचना,

(५) सङ्घीय सद्भावना पार्टी र नेपाल सद्भावना पार्टी संयुक्त भएको सम्बन्धी सूचना,

(६) राष्ट्रिय जनमुक्ति पार्टीबाट अलग भई राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल नामको दल दर्ता भएकोसम्बन्धी सूचना।

### ८.१.३ निर्वाचनमा कुनै पनि उम्मेदवारप्रति समर्थन नहुने गरी मतदान गर्ने व्यवस्था

सर्वोच्च अदालतले मिति २०७०।९।२१ मा "... अब हुने संसदीय वा स्थानीय स्वायत्त शासन ऐन अन्तर्गतका निकायहरूसम्बन्धी निर्वाचनहरूमा कायम भएका उम्मेदवारहरूमध्ये कसैप्रति पनि समर्थन छैन (None of the above-NOTA) भनी मत जाहेर गर्ने कुरालाई पनि स्थान दिई निर्वाचन प्रक्रियामा व्यवस्था गरी सोअनुरुप मतपत्र

ढाँचामा समेत समावेश गरी निर्वाचन सञ्चालन गर्ने प्रयोजनका लागि कानुनी एवं उपयुक्त कुराको व्यवस्था गर्नू" भनी निर्वाचन आयोगसमेतलाई निर्देशनात्मक आदेश दिए बमोजिम निर्वाचन आयोगले स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ मा आवश्यक संशोधन प्रस्ताव गरी नेपाल सरकार, गृह मन्त्रालयमा पठाइसकेको छ ।

## ८.२ राजनीतिक दल व्यवस्थापन

प्रतिवेदन वर्षमा राजनीतिक दल व्यवस्थापन सम्बन्धमा गरिएका कार्यहरू देहायअनुसार रहेका छन् :

१. अर्को सविधानसभा सदस्य निर्वाचन, २०७० को सम्बन्धमा संविधान सभा अदालतमा परेका निर्वाचन वदर सम्बन्धी देहायका २२ वटा मुद्दाहरूमा आयोगको तर्फबाट बहस, पैरवी भएको तथा सबै मुद्दाहरू संविधानसभा अदालतबाट फैसला भइसकेको छ :

**तालिका नं. १२**

अर्को सविधानसभा सदस्य निर्वाचन, २०७० को सम्बन्धमा दायर भएका मुद्दाहरू

| क्र.सं. | उजुरीकर्ता | विपक्षी |
|---|---|---|
| १. | गोम्बु शेर्पा, सोलुखुम्बु | बलबहादुर के सी सोलुखुम्बु |
| २. | लिलानाथ श्रेष्ठ, सिराहा ५ | पुष्पकमल दाहालसमेत, सिराहा ५ |
| ३. | भगवती चौधरी, सुनसरी ३ | विजय कुमार गच्छेदारसमेत, सुनसरी ३ |
| ४. | जिप छिरीङ्ग लामा, दोलखा १ | पार्वत गुरुङ्गसमेत, दोलखा १ |
| ५. | गयानन्द मण्डल गगाई, मोरङ्ग ४ | शिव कुमार मण्डलसमेत, मोरङ ४ |
| ६. | नन्दबहादुर पुन, काठमाण्डौ ४ | गगन थापासमेत, काठमाण्डौ ४ |
| ७. | नवलकिशोर साह सुडी, सप्तरी २ | अशोक कुमार मण्डलसमेत,सप्तरी २ |
| ८. | सुरीता कुमारी साह, महोत्तरी ४ | चन्द्रेश्वर झासमेत, महोत्तरी ४ |

| क्र.सं. | उजुरीकर्ता | विपक्षी |
|---|---|---|
| ९. | जानकीशरण साह, महोत्तरी २ | किरण यादव, महोत्तरी २ |
| १०. | रामरिझन यादव, सिराहा ३ | सितादेवी यादवसमेत, सिराहा ३ |
| ११. | प्रमिला राई, उदयपुर २ | मन्जुकुमारी चौधरी, उदयपुर २ |
| १२. | रविकला शर्मा न्यौपाने, गोरखा २ | हितराज पाण्डेसमेत, गोरखा २ |
| १३. | विशाल खड्का, दोलखा १ | पार्वत गुरुङ्गसमेत, दोलखा १ |
| १४. | अजयकुमार गुप्ता, रौतहट १ | माधवकुमार नेपालसमेत,रौतहट १ |
| १५. | मो इद्रिश राईन, महोत्तरी २ | किरण यादवसमेत, महोत्तरी २ |
| १६. | शिवपुजन राय यादव, सर्लाही ६ | अमरेश कुमार सिंहसमेत,सर्लाही ६ |
| १७. | गफार अन्सारी मिया, सुनसरी ५ | उपेन्द्र यादवसमेत, सुनसरी ५ |
| १८. | सर्मिला लामा, समानुपातिक | निर्वाचन आयोग काठमाण्डौसमेत |
| १९. | गोपालजी जंग शाह, रुकुम २ | जनार्दन शर्मा प्रभाकरसमेत, रुकुम २ |
| २०. | मो इस्तियाक राई, बाँके २ | निर्वाचन आयोग काठमाण्डौसमेत |
| २१. | बालकृष्ण न्यौपानेसमेत | निर्वाचन आयोग काठमाण्डौसमेत |
| २२. | सुमित्रा देवी कलवार | निर्वाचन आयोग काठमाण्डौसमेत |

उपरोक्त २२ वटा मुद्दाहरू मध्ये उजुरी कर्ता सुमित्रादेवी कलवार विपक्षी निर्वाचन आयोगसमेत भएको निर्वाचन बदर मुद्दामा आंशिक दाबी पुग्ने र बाँकी अन्य मुद्दामा दाबी नपुगी निर्वाचन आयोगको पक्षमा फैसला भएको छ।

२. हालसम्म आयोगमा दर्ता भएका राजनीतिक दलहरू १८० मध्ये राजनीतिक दल सम्बन्धी ऐन, २०५८ बमोजिम दर्ता भएका राजनीतिक दल ४९ र संविधान तथा निर्वाचन सम्बन्धी प्रचलित कानुन बमोजिम निर्वाचन प्रयोजनका लागि दर्ता भएका १३१ राजनीतिक दलहरू रहेका छन् । जसमध्ये ३१ राजनीतिक दलको संविधानसभामा प्रतिनिधित्व रहेको छ।

३. आयोगमा दर्ता रहेकामध्ये ४२ राजनीतिक दलले नियमित रूपमा आयव्यय विवरणको वार्षिक प्रतिवेदन बुझाएका छन् । यसमध्ये १२ राजनीतिक दलले आयोगले दिएको समयभन्दा पछि बुझाएको देखिन्छ । त्यसै गरी ६८ राजनीतिक दलले एक वर्षको र ४९ राजनीतिक दलले दुई वर्षको आयव्ययको विवरणको वार्षिक प्रतिवेदन बुझाउन बाँकी रहेको छ । आयोगमा निर्वाचन प्रयोजनको लागि दर्ता भएका राजनीतिक दल मध्ये २१ दलले लगातार तीन वर्षदेखि आयव्ययको विवरणको वार्षिक प्रतिवेदन बुझाएका छैनन् ।

४. अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० मा समानुपातिक निर्वाचनमा भाग लिएका १२२ दलमध्ये १०४ वटा राजनीतिक दलले मात्र खर्चको विवरण बुझाएकोमा बाँकी १८ राजनीतिक दललाई आयोगको निर्णयानुसार रु १०००।- (एक हजार रुपैयाँ) जरिवाना गरिएको थियो, जसमध्ये हालसम्म ५ राजनीतिक दलले जरिवाना बुझाएका छन् र १३ राजनीतिक दलले जरिवाना बुझाएका छैनन् ।

५. अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिएका उम्मेदवार ६१२५ मध्ये १४९७ जनाले निर्वाचन खर्चको विवरण नबुझाएका र विवरण नबुझाउने उम्मेदवारलाई आयोगको निर्णयानुसार रु ५००।- (पाँच सय रुपैयाँ) जरिवाना गरिएको थियो । जसमध्ये २१० जनाले जरिवाना बुझाइसकेका र १२८७ जनाले बुझाउन बाँकी रहेको छ ।

६. आ.व.२०७०।०७१ मा ४६ राजनीतिक दलहरूले मात्र वार्षिक आयव्ययको विवरण बुझाएका र नबुझाउने दलहरूलाई विवरण बुझाउन पत्राचार गरिएको छ ।

७. राजनीतिक दलहरूको केन्द्रीय कार्यकारिणी समितिहरूको पदाधिकारी तथा सदस्यहरूको समावेशी विवरण अद्यावधिक गर्नका लागि दलहरूलाई सोको विवरण पठाउन पत्राचार गरिएको छ ।

८. यस आ.व. मा राजनीतिक दल सम्बन्धी ऐन, २०५८ बमोजिम देहायअनुसारका ३ वटा राजनीतिक दल दर्ता भएका छन् :

**तालिका नं. १३**

आ.व. २०७१/७२ मा दर्ता भएका राजनीतिक दलहरू

| **क्र.सं.** | **राजनीतिक दल** | **दर्ता मिति** |
|---|---|---|
| १. | नेपाल लोकतान्त्रिक जनता काँग्रेस | २०७१।९।९ |
| २. | नेपाल सद्भावना पार्टी | २०७१।१२।१ |
| ३. | राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) | २०७२।२।२५ |

९. आयोगको मिति २०७१।१२।१ को निर्णयानुसार सङ्घीय सद्भावना पार्टी र नेपाल सद्भावना पार्टी संयुक्त भई 'नेपाल सद्भावना पार्टी' नामक राजनीतिक दल दर्ता भएको छ।

१०. आयोगको मिति २०७२।२।२५ को निर्णयानुसार राष्ट्रिय जनमुक्ति पार्टीबाट अलग भई 'राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल' नामक राजनीतिक दल दर्ता भएको छ।

# परिच्छेद ९
# स्रोत परिचालन

## ९.१ स्रोत व्यवस्थापन

आर्थिक वर्ष २०७१।७२ मा आयोग र अन्तर्गतका कार्यालयहरूको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न नेपाल सरकार र शान्तिकोष सचिवालयबाट बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो । त्यसैगरी विकास साझेदार तथा दाता राष्ट्रहरूबाट आयोगको माग बमोजिम आर्थिक तथा प्राविधिक सहायतासमेत प्राप्त भएको थियो ।

## ९.२ विनियोजन, निकासा र खर्च

आर्थिक वर्ष २०७१/७२ मा आयोगको लागि विनियोजन निकासा र खर्चको विवरण बजेट शीर्षकगतरूपमा देहायबमोजिम रहेको छ :

**तालिका नं. १४**

आर्थिक वर्ष २०७१/७२ मा विनियोजन, निकासा र खर्चको विवरण (रु. हजारमा)

| क्र.सं. | विवरण | वार्षिक बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| १. | २१२००१३ निर्वाचन आयोग (चालु खर्च) | ६७९४७ | ६२९८१ | ६२९८१ | ४९६६ |
| २. | २१२०११३ निर्वाचन आयोग, मतदाता नामावली अद्यावधिक सङ्कलन-मतदाता परिचयपत्र (चालु खर्च) | ३२१२४ | ६२८८ | ६२८८ | २५८३६ |
| ३. | २१२१०१३ निर्वाचन आयोग (चालु खर्च) | १५७०० | ५४७५ | ५४७५ | १०२२५ |
| ४. | २१२००२३ जिल्ला निर्वाचन कार्यालय ७५ (चालु खर्च) | २३०२७३ | १८७०४६ | १८७०४६ | ४३२२७ |
| ५. | २१२१०१४ निर्वाचन आयोग संस्थागत सुदृढीकरण (पूँजीगत खर्च) | ५२५०० | ३९१८१ | ३९१८१ | १३३१८ |
| ६. | ६०२०२०४ निर्वाचन आयोग | २७२०० | २१३९३ | २१३९३ | ५८०७ |

| क्र.सं. | विवरण | वार्षिक बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| | (पूँजीगत खर्च) | | | | |
| ७. | ३४९१०१३ शान्तिकोष (गत वर्षको मौज्दातसमेत) | ५४३५४६९ | ५४३५४६९ | ४३४३६४५ | १०९१८२३ |
| जम्मा | | ५८६१२१२ | ५८६१२१२ | ५७५७८३२ | ४६६६००९ |

# ९.३ राजस्व/धरौटी

(क) यस आ.व. मा आयोग र अन्तर्गत रहेका जिल्ला निर्वाचन कार्यालयहरूबाट जम्मा रू. १,०८,४५,०१,९३८।७९ राजश्वसहित विभिन्न आम्दानी भएको थियो ।

(ख) यस आ.व. मा विभिन्न शीर्षक अन्तर्गत आयोग र अन्तर्गत रहेका जिल्ला निर्वाचन कार्यालयहरूबाट रू.३८,७९,०७५।८५ धरौटी प्राप्त भएको थियो । सो धरौटी रकममध्ये रू. ९,७४,४७१।०० फिर्ता गरिएको थियो भने रू. २९,०४,६०४।८५ धरौटी बाँकी रहेको छ ।

# ९.४ बेरूजु फछ्र्यौट प्रगति विवरण

महालेखा परीक्षकको प्रतिवेदन, २०७० अनुसार आयोग र अन्तर्गत कार्यालयहरूको आ.व.०७१/७२ सम्ममा फछ्र्यौट गर्नुपर्ने बेरूजु रू. ३६ करोड ०६ लाख ९७ हजार रहेको थियो । यस अवधिमा सो बेरूजु मध्ये रू. २० करोड ०९ लाख २१ हजार (५५.७%) फछ्र्यौट भएको छ । बेरूजु फछ्र्यौटको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. १५**

बेरूजु फछ्र्यौट वार्षिक प्रगति विवरण

| क्र. सं. | विवरण | रकम (रू. हजारमा) |
|---|---|---|
| १. | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७० अनुसार आर्थिक वर्ष २०७१/७२ मा फछ्र्यौट गर्नुपर्ने जम्मा बेरूजु रकम | २८५२५३ |
| | आ.व. २०७०/७१ सम्ममा फछ्र्यौट गर्नुपर्ने जम्मा बेरूजु रकम | ७५४४४ |

| क्र. सं. | विवरण | रकम (रू. हजारमा) |
|---|---|---|
| २. | जम्मा बेरूजु रकम | ३६०६९७ |
| ३. | जम्मा फछर्यौटमध्ये नियमित/प्रमाण पेशबाट असुल उपर भै फछर्यौट भएको | २६७०९ |
| | जम्मा फछर्यौटमध्ये नगद असुल उपर भै फछर्यौट भएको | ५१३ |
| | जम्मा फछर्यौट मध्ये पेश्की फछर्यौटबाट | १७३६९९ |
| ४. | बाँकी वेरुजु | १५९७७६ |

# परिच्छेद १०
# नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदाउपर सुझाव

नेपाली जनताबाट आफ्नो लागि आफैं संविधान बनाउने प्रक्रियालाई सुनिश्चित गर्न सम्वत् २०७० सालमा सम्पन्न अर्को संविधानसभाको निर्वाचनबाट गठित संविधानसभाले "नेपालको संविधान, २०७२" को प्रारम्भिक मस्यौदा मिति २०७२ असार २३ गते नेपाल राजपत्रमा प्रकाशन गरी उक्त प्रारम्भिक मस्यौदाउपर जनस्तर, विज्ञ एवं सरोकारवालाहरूबाट राय सुझाव सङ्कलनका लागि आह्वान गरिएको सन्दर्भमा निर्वाचन आयोग एवं निर्वाचनसम्बद्ध समेतका विषयमा आयोगको तर्फबाट विभिन्न मितिमा सुझाव पेश गरिएको थियो ।

निर्वाचन आयोगको संवैधानिक व्यवस्था, निर्वाचन प्रणाली र राजनीतिक दल व्यवस्थापन सम्बन्धी विषयमा आयोगको तर्फबाट दिइएका सुझावहरू देहायबमोजिम रहेका छन् :

**१. निर्वाचन आयोगको संरचना र अधिकार सम्बन्धमा**

(क) निर्वाचन आयोग गठन गर्दा समावेशी र व्यावसायिक दक्षताको आधारमा पदाधिकारीहरू रहने गरी व्यवस्था गर्नुपर्ने,

(ख) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदमा नियुक्त हुनको लागि कम्तीमा ४५ वर्ष उमेर पूरा भएको हुनुपर्ने,

(ग) निर्वाचन आयोगका पदाधिकारीहरूको सेवा र सुविधासम्बन्धी शर्त सर्वोच्च अदालतको न्यायाधीशसरह हुने गरी व्यवस्था गर्नुपर्ने,

(घ) संवैधानिक निकायका पदाधिकारीहरूको हालको पदको निरन्तरता कायम हुने गरी व्यवस्था गर्नुपर्ने,

(ङ) स्वतन्त्र, निष्पक्ष र स्वीकार्य निर्वाचन गराउनको लागि निर्वाचन आयोगको स्थापना भएको कुरा संविधानमा उल्लेख हुनु पर्ने,

(च) स्वदेश तथा विदेशमा रहेका मतदाताहरूको नामावली तयार गर्ने र मतदाताले मतदान गर्न पाउने उमेर पुगेको मिति (Cut Off Date) तोक्ने अधिकार निर्वाचन आयोगलाई रहनुपर्ने,

(छ) धारा २४४ को उपधारा (६) मा रहेका "तर चरम आर्थिक विश्रृंखलताका कारण सङ्कटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन" भन्ने प्रतिवन्धात्मक वाक्यांश हटाउनुपर्ने,

(ज) निर्वाचनको समयमा निर्वाचनमा संलग्न रहेका कर्मचारीले (शिक्षकसमेत) प्रचलित कानुन विपरीत काम गरेमा वा निर्वाचन आयोगले दिएको निर्देशन पालना गरेको नदेखिएमा आयोगले विभागीय कारवाही गर्न पाउने र राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने अधिकार समावेश हुनुपर्ने,

(झ) निर्वाचन क्षेत्र निर्धारण आयोगमा निर्वाचन आयोगको प्रतिनिधिसमेत रहनु पर्ने ।

## २. निर्वाचन प्रणाली सम्बन्धमा

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (FPTP) तर्फ एक उम्मेदवारले एकैपटक एकभन्दा बढी स्थानमा उम्मेदवार दिन नपाउने गरी व्यवस्था गर्नुपर्ने,

(ख) धारा ८८ को उपधारा (२) मा शतप्रतिशत आरक्षण गरेको देखिएकोले ५० प्रतिशत भन्दा बढी नहुने गरी आरक्षण गरिनुपर्ने,

(ग) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (FPTP) तर्फ राजनीतिक दलले उम्मेदवार चयन गर्दा महिला, जनजाति, दलित, मधेशी तथा सीमान्तकृत समूहको प्रतिनिधित्व हुने गरी व्यवस्था गर्नुपर्ने,

(घ) नेपाल सरकारसँग परामर्श गरी स्थानीय निकायको निर्वाचनको मिति घोषणा गर्न सक्ने अधिकार निर्वाचन आयोगलाई हुने व्यवस्था रहनुपर्ने,

(ङ) राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद र प्रदेशसभाको निर्वाचन हुने मिति संविधानमा नै उल्लेख गर्नुपर्ने वा नेपाल सरकारसँगको परामर्शमा निर्वाचन आयोगले मिति तोक्नसक्ने व्यवस्था हुनुपर्ने,

(च) पहिलो पटक स्थानीय निकायको निर्वाचन संविधान जारी भएको मितिले ६ महिनाभित्र शुरु गर्ने गरी व्यवस्था गर्नुपर्ने,

(छ) स्थानीय निकायमा रहने वडाअध्यक्षको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (FPTP) बाट हुने गरी व्यवस्था गर्नुपर्ने,

(ज) प्रस्तावित मस्यौदाको धारा ८८ को उपधारा (८) बमोजिम महिलाको सङ्ख्या पुऱ्याउन प्राविधिक समस्या पर्ने देखिएकोले सोबारे पुनर्विचार गरी आवश्यक व्यवस्था मिलाउनुपर्ने,

(झ) नेपालको संविधान, २०७२ जारी हुँदाका बखत प्रदेशहरूको सीमाङ्कनसहित जारी हुनुपर्ने,

(ञ) नागरिकलाई मतदानको अधिकार (Right to Vote) हुने व्यवस्था संविधानमा रहनुपर्ने ।

**३. राजनीतिक दल व्यवस्थापन सम्बन्धमा**

(क) प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणाली तर्फ आफ्नो प्रतिनिधित्व सुनिश्चित गर्न सम्बन्धित राजनीतिक दलले तत्काल अगाडि सम्पन्न निर्वाचनमा खसेको कूल सदर मतको न्यूनतम तीन प्रतिशत मत प्राप्त गरेको हुनुपर्ने गरी न्यूनतम सीमान्त विन्दू (Threshold) कायम गर्ने व्यवस्था गर्नुपर्ने,

(ख) प्रस्तावित मस्यौदाको धारा २६४ को उपधारा (४) को खण्ड (ग) को सट्टामा राजनीतिक दलको विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था र दलको विधानमा दलका सदस्यहरूलाई अनुसाशीत तुल्याउने प्रभावकारी व्यवस्थासमेत रहने गरी समावेश गर्नुपर्ने,

(ग) पहिलो पटक राजनीतिक दल दर्ता गर्दा वार्षिक लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था अव्यावहारिक देखिएकोले प्रस्तावित मस्यौदाको धारा २६४ को उपधारा (३) मा रहेको “वार्षिक लेखा परीक्षण प्रतिवेदनका अतिरिक्त” भन्ने शव्दहरू हटाउनुपर्ने,

(घ) धारा २६४ को उपधारा (४) को खण्ड (ख) मा राजनीतिक दलको विधानमा ५ वर्षमा अनिवार्य रूपमा सो दलका सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था गरिनुपर्ने,

(ङ) राजनीतिक दल दर्ता निर्वाचन प्रयोजनको लागि मात्र गरिनुपर्ने,

(च) धारा १४१ को उपधारा (३) को खण्ड (ख) सङ्घीय संसद वा प्रदेश सभाको निर्वाचन सम्बन्धी विवाद र सङ्घीय संसदका सदस्य वा प्रदेश सभा सदस्यको अयोग्यता सम्बन्धी प्रश्नको निरुपण गर्ने अधिकार “संवैधानिक अदालत” भन्दा ‘निर्वाचन अदालत’ राखिनु उपयुक्त हुने ।

## ४. विविध

(क) आयोगका पदाधिकारी सङ्घीय संसद प्रति उत्तरदायी र जवाफदेही हुनु पर्ने र आयोगको काम कारबाहीको अनुगमन र मूल्याङ्कन प्रतिनिधिसभाको समितिबाट हुने भनिएको धारा २८४ हटाउनु पर्ने,

(ख) स्थायी प्रकृतिको निर्वाचन अदालतको व्यवस्था गर्नुपर्ने ।

(ग) प्रस्तावित मस्यौदाको धारा २७९ मा निर्वाचन सेवा समेत रहने गरी व्यवस्था गर्नुपर्ने,

(घ) निर्वाचन आयोगका पदाधिकारीहरूको पदनाममा एकरूपता नदेखिएकोले एकरूपता कायम हुने गरी मिलाउनु पर्न्ने,

(ङ) धारा २४४ को उपधारा (१) मा रहेको “अन्य” भन्ने शव्द हटाउने ।

# परिच्छेद ११
# विविध

## ११.१ आयोगबाट विदाइ

### प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीको विदाइ

आयोगका प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीको उमेर हदका कारण मिति २०७२।०२।२ गतेदेखि पदावधि समाप्त भएको छ । पर्वत जिल्लामा वि.सं. २००६ सालमा जन्मनुभएका श्री उप्रेतीले सन् १९९० देखि सन् २००४ सम्म निर्वाचन आयोगमा निर्वाचन विज्ञ, वि.सं. २०६३ कार्तिक २३ देखि २०६६ जेष्ठ २० सम्म निर्वाचन आयुक्त, वि.सं. २०६६ जेष्ठ २१ देखि २०६९ कार्तिक २२ सम्म कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र वि.सं. २०६९ चैत्र ११ देखि प्रमुख निर्वाचन आयुक्तको रूपमा कार्य गर्नुभएको थियो । श्री उप्रेतीले निर्वाचन प्रक्रिया, प्रणाली तथा व्यवस्थापनसम्बन्धी करिब २५ वर्षको अनुभव हासिल गर्नुभएको थियो ।

### निर्वाचन आयुक्त डा. रामभक्त पी.बी. ठाकुरको विदाइ

निर्वाचन आयुक्त डा. रामभक्त पी.बी. ठाकुरको उमेर हदका कारण मिति २०७१।९।७ गतेदेखि सेवा निवृत्त हुनुभएको छ । वहाँले वि.सं. २०६९ चैत्र ११ देखि निर्वाचन आयुक्तको रूपमा कार्य गर्नुभएको थियो । सन् १९७५ मा सरकारी सेवा प्रवेश गर्नुभएका वहाँले परराष्ट्र मन्त्रालय अन्तर्गतका विभिन्न उच्च पदहरूमा रही कार्यभार सम्हाल्नुभएको थियो ।

## ११.२ सम्माननीय राष्ट्रपतिज्यूसँग भेटघाट

तत्कालीन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङ, निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव र निर्वाचन आयुक्त श्री इला शर्माले २०७२ साल जेष्ठ १५ गते सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष वहाँकै कार्यकक्षमा भेटघाट गर्नुभएको छ ।

भेटका अवसरमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले २०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पनबाट आयोग र अन्तर्गतका कार्यालयहरू तथा विभिन्न जिल्लाका मतदानस्थलमा पुगेको क्षतिका सम्बन्धमा जानकारी गराउँदै भूकम्पबाट बढी प्रभावित १४ वटा जिल्लामा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक विशेष कार्यक्रम सञ्चालन गरिनेसमेत जानकारी गराउनु भएको थियो । आयोगले तर्जुमा गरी जारी गरेको दोस्रो रणनीतिक योजनाको दस्तावेज सम्माननीय राष्ट्रपतिज्यूलाई उपलब्ध गराउँदै प्रस्तुत रणनीतिक योजनाले लिएका रणनीतिको बारेमासमेत कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले आफ्ना धारणा राख्नुभएको थियो । त्यसैगरी सम्माननीय राष्ट्रपतिज्यूले स्थानीय

निकाय निर्वाचनको बारेमा जिज्ञासा राख्नुभएकोमा स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ संशोधनका लागि आयोगले नेपाल सरकारसमक्ष पठाएको जानकारी गराइयो र ऐन संशोधन भएमा आयोग स्थानीय निकायको निर्वाचन गराउन सक्षम र तयार रहेको जानकारी गराइएको थियो ।

# परिच्छेद १२
# आर्थिक वर्ष २०७१ / ०७२ का मुख्य मुख्य उपलब्धिहरू, प्रमुख समस्या तथा चुनौतिहरू र समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरू

## १२.१ आर्थिक वर्ष २०७१ / ०७२ का मुख्य मुख्य उपलब्धिहरू

प्रतिवेदन वर्षमा आयोगले हासिल गरेका उपलब्धिहरूलाई देहायअनुसार उल्लेख गरिएको छ :

१. बाग्लुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सभासद श्री हरिबहादुर खड्काको मिति २०७१ मंसिर २१ गते सवारी दुर्घटनामा मृत्यु भएकोले मिति २०७१/१२/२८ गते उक्त क्षेत्रमा उपनिर्वाचन सम्पन्न भएको । सो उपनिर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोग गरिएको हुनाले बदर मत शून्य रहेको,

२. आ.व. २०७१।०७२ मा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम अन्तर्गत निरन्तर दर्ता कार्यक्रम (जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालय) बाट ३,४८,४९० एवं घुम्ती शिविरबाट ११,८७० गरी ३,६०,३६० जना तथा २०७१ माघ १५ देखि चैत्र मसान्तसम्म सञ्चालित विशेष कार्यक्रमबाट ४,०१,४६५ गरी जम्मा ७,६१,८२५ को नाम दर्ता भएको । फोटोसहितको मतदाता नामावलीमा आ.व. ०७१/७२ सम्ममा दर्ता भएका कुल मतदाताको सङ्ख्या १,३२,५१,१९५ रहेको,

३. दक्षिण एसियाली राष्ट्रका निर्वाचन व्यवस्थापन निकायको साझा मञ्च (Forum of the Election Management Bodies of South Asia, FEMBoSA) को पाँचौँ सम्मेलन काठमाण्डौंमा मिति २०७१/८/१३ र १४ (November 29 & 30, 2014) गते सम्पन्न भएको । सो सम्मेलनको १० बुँदे घोषणापत्रको बुँदा नं. ३ बमोजिम South Asian Institute for Democracy and Electoral Studies (SAIDES) को नेपालमा स्थापना गर्नका लागि तयारी भइरहेको,

४. २०७१ श्रावण ९ देखि १३ गतेसम्म ७५ जिल्लाका जिल्ला निर्वाचन अधिकारी, आयोगका सम्पूर्ण कर्मचारी, आयोगका पदाधिकारी र विशेषज्ञको सहभागितामा आयोगको दोश्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/०७२–२०७५/०७६) तर्जुमा गरिएको । सोको कार्यान्वयनको लागि कार्ययोजना समेत तयार गरिएको,

५. विदेशमा रहेका नेपाली नागरिकहरूको मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धमा साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कुवेत, कतार, बहराइन र अमेरिकाको भ्रमण गरी सम्भाव्यता अध्ययन प्रतिवेदन पेश भएको,

६. आयोगको सङ्गठन संरचनालाई समयानुकूल चुस्त, दुरुस्त बनाई प्रभावकारी सेवा उपलब्ध गराउन विद्यमान सङ्गठन संरचनालाई पुनरावलोकन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी मन्त्रिपरिषदमा स्वीकृतिका लागि पेश भएको,

७. स्वीकृत लैङ्गिक तथा समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयनको लागि पाँच वर्षे लैङ्गिक तथा समावेशी रणनीति (वि.सं. २०७१/०७२–२०७५/०७६) तथा एक वर्षीय कार्ययोजना स्वीकृत भई कार्यान्वयन भइरहेको,

८. जिल्ला निर्वाचन कार्यालय कैलाली र कास्कीमा क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको सञ्चालन प्रारम्भ गरिएको,

९. आयोगको नियमित प्रकाशन अर्धवार्षिक निर्वाचन पत्रिकाको वर्ष ४, अङ्क १, पूर्णाङ्क ६, २०७१ असोज अङ्क तथा त्रैमासिक निर्वाचन बुलेटिनको वर्ष ४, अङ्क २, पूर्णाङ्क १२, २०७१ पुस अङ्क, वर्ष ४, अङ्क ३, पूर्णाङ्क १३, २०७१ चैत्र अङ्क र वर्ष ५, अङ्क १, पूर्णाङ्क १४, २०७२ असार अङ्क प्रकाशित भएका एवं वार्षिक प्रतिवेदन, २०७०/७१ समेत प्रकाशित भएको,

१०. अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० तथा उपनिर्वाचनमा गरिएका निर्वाचनसम्बन्धी विभिन्न कार्यहरूलाई समेटेर अर्को संविधानसभा सदस्य निर्वाचन प्रतिवेदन, २०७२ तयार भएको,

११. हालसम्म भएका निर्वाचनहरूको तथ्याङ्कको खोजी गरी Election Statistical Pocket Book तयार गरिएको,

१२. अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० र उपनिर्वाचनका विभिन्न विवरणहरू समावेश गरी अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० तथ्याङ्कीय झलक (नेपाली र अङ्ग्रेजी भाषामा) प्रकाशन गरिएको,

१३. विभिन्न तहका निर्वाचनका लागि लागू गर्न सकिने निर्वाचन आचार संहिता सरोकारवालासँग अन्तरक्रिया गरी तयार भएको र आयोगबाट २०७२/३/१४ मा स्वीकृत भएको ।

## १२.२ प्रमुख समस्या तथा चुनौतिहरू

प्रतिवेदन वर्षमा कार्यक्रम सञ्चालन गर्ने क्रममा आइपरेका मुख्य मुख्य समस्या तथा

चुनौतिहरू देहाय बमोजिम उल्लेख गरिएको छ

१. मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य थप प्रभावकारी बनाउने,
२. मतदाताको सहभागितामा वृद्धि गर्ने र बदर मत न्यूनीकरण गर्ने,
३. मतदाता परिचयपत्रलाई स्थायी प्रकृतिको बनाउने,
४. लामो समयदेखि स्थानीय निकाय निर्वाचित जनप्रतिनिधि विहिन हुँदा स्थानीय लोकतन्त्रको अभ्यास हुन नपाएको अवस्थामा जनसहभागितालाई सक्रिय बनाउने,
५. विदेशमा रहेका मतदाताहरूको नाम दर्ता गरी निर्वाचनमा सहभागी गराउने,
६. निर्वाचन व्यवस्थापनमा नवीन प्रविधिको प्रयोग गर्ने तथा सोलाई निरन्तरता दिने,
७. राजनीतिक दलको नियमन तथा व्यवस्थापन गर्ने,
८. निर्वाचन व्यवस्थापनका प्रत्येक चरणमा लैङ्गिक तथा सामाजिक समावेशिता सुनिश्चित गर्ने,
९. आयोगको संस्थागत स्मरण (Institutional Memory) लाई मजबुत गराउने,
१०. अनुगमन तथा मूल्याङ्कनलाई वस्तुनिष्ठ नतिजामा आधारित र विश्वसनीय बनाउने,
११. आयोग र अन्तर्गत कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा स्थायीत्व कायम गर्ने,
१२. भूकम्पले क्षतिग्रस्त भएका मतदान केन्द्र/स्थल पुनःनिर्माण तथा अपाङ्गमैत्री बनाउने,
१३. जिल्ला निर्वाचन कार्यालयहरूको भवन निर्माण गर्ने,
१४. जिन्सी सामग्री तथा उपकरणको प्रभावकारी व्यवस्थापन गर्ने ।

## १२.३ समस्या तथा चुनौति समाधानका लागि चाल्नुपर्ने कदमहरू

प्रतिवेदन वर्षमा कार्यक्रम सञ्चालन गर्ने क्रममा आइपरेका समस्या तथा चुनौतिहरू समाधान गर्न देहाय बमोजिमका कदमहरू चाल्नुपर्ने देखिएको छ :

१. नयाँ संविधानमा व्यवस्था भएबमोजिम आयोगको संस्थागत संरचना र मानवीय संशाधनको व्यवस्थापन गर्ने,
२. मतदाता शिक्षालाई व्यापक बनाई निर्वाचनका प्रक्रियामा मतदाता सहभागिता अभिवृद्धि गर्ने र बदर मत न्यूनीकरण गर्ने,
३. मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यमा व्यापकता तथा थप प्रभावकारिता ल्याई मतदाता नामावलीलाई पूर्ण र शुद्ध बनाउने,

४. केन्द्र, जिल्ला, दर्तास्थलसम्म सम्बद्ध निकायहरू बीच प्रभावकारी समन्वय कायम गर्ने,

५. राजनीतिक दल सम्बन्धी कानुन परिमार्जन तथा निर्माण गरी राजनीतिक दलको नियमन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने,

६. विदेशमा रहेको मतदाताहरूको नाम दर्ता तथा निर्वाचनमा सहभागी गराउने सम्बन्धमा अध्ययन, अनुसन्धान, कानुन तर्जुमा र मतदाता नामावलीमा नाम दर्ता कार्यक्रम सञ्चालन गर्ने,

७. निर्वाचन व्यवस्थापनमा नवीन प्रविधिको प्रयोगलाई निरन्तरता दिने,

८. मतदाता परिचयपत्रलाई स्थायी प्रकृतिको बनाउने र सम्पूर्ण मतदातामाझ यसको महत्त्वबारे सचेतना प्रवाह गर्ने,

९. आयोग र अन्तर्गत कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने र उनीहरूको मनोबल उच्च राख्दै स्थायीत्व कायम गर्ने,

१०. आयोगको क्षेत्राधिकारसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, अनुभव आदानप्रदान एवम् सूचना र तथ्याङ्कलाई अद्यावधिक, एकीकृत तथा सङ्गृहीत गरी संस्थागत स्मरणलाई मजबुत बनाउने,

११. निर्वाचन व्यवस्थापनका प्रत्येक चरणमा लैङ्गिक तथा सामाजिक समावेशिता सुनिश्चित गर्न लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयन गर्ने,

१२. भूकम्पले क्षतिग्रस्त भएका मतदान केन्द्र/स्थलहरूको पुनःनिर्माण गर्ने तथा मतदान केन्द्रलाई क्रमिकरूपमा अपाङ्गमैत्री बनाउने,

१३. अनुगमन तथा मूल्याङ्कनलाई वस्तुनिष्ठ, नतिजामा आधारित र विश्वसनीय बनाउने,

१४. जिन्सी सामग्री तथा उपकरणको मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने तथा बदलिँदो परिस्थिति अनुसार नयाँ सामग्री तथा उपकरण प्राप्ति गर्ने,

१५. जिल्ला निर्वाचन कार्यालयहरूको लागि भवन प्राप्ति कार्यलाई तीब्रता दिँदै जग्गा भएका कार्यालयहरूको भवन निर्माण गर्ने ।

# अनुसूचीहरू

अनुसूची-१

## प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तहरूको कार्य विभाजन

**१. प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेती**

(क) प्रशासन तथा जनशक्ति

(ख) प्रविधि

(ग) जनसम्पर्क, समन्वय एवं अनुगमन

(घ) प्रेस एवं सञ्चार व्यवस्थापन

**२. निर्वाचन आयुक्त श्री दोलख बहादुर गुरुङ**

(क) राजनीतिक दल

(ख) सामग्री व्यवस्थापन

(ग) निर्वाचन सुरक्षा

(घ) नियमावली तथा निर्देशिका

(ङ) मतदाता शिक्षा

**३. निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव**

(क) आचार संहिता

(ख) निर्वाचन विवाद निरूपण

(ग) मतदाता नामावली/परिचयपत्र

(घ) आर्थिक व्यवस्था

(ङ) मतपत्र र नउड्ने मसी

**४. निर्वाचन आयुक्त डा. रामभक्त पी.बी. ठाकुर**

(क) वैदेशिक सम्बन्ध/सहयोग

(ख) शिक्षण प्रशिक्षण/तालिम

(ग) प्रशिक्षण सामग्री

(घ) निर्वाचन पर्यवेक्षण

**५. निर्वाचन आयुक्त श्री इला शर्मा**

(क) मिडिया सेन्टर व्यवस्थापन र अनुगमन

(ख) योजना

(ग) निर्वाचन कार्यक्रम

(घ) निर्वाचन कानुन

अनुसूची-२

# आयोगबाट भएका महत्वपूर्ण निर्णयहरू

वि.सं. २०७१ साल साउनदेखि २०७२ साल असार मसान्तसम्म निर्वाचन आयोगका विभिन्न विषयमा बैठक बसी निर्णय भएका छन् । तीमध्ये केही महत्वपूर्ण विषयहरू देहायबमोजिम रहेका छन्ः

| क्र.सं. | निर्णय मिति | निर्णयको विषय |
|---|---|---|
| १. | २०७१.०४.०१ | राष्ट्रिय प्रजातन्त्र पार्टीको अभिलेख संशोधन सम्बन्धमा, |
| २. | २०७१.०४.०७ | FEMBoSA को पाँचौ बैठक व्यवस्थापन गर्ने सम्बन्धमा, |
| ३. | २०७१.०४.२१ | विदेशमा रहेका नेपाली मतदाताहरुको नाम दर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा विभिन्न देशहरुको स्थलगत अध्ययन भ्रमणको लागि टोली पठाउने सम्बन्धमा, |
| ४. | २०७१.०५.०४ | संविधानसभा अदालतमा कागजात उपलब्ध गराउने सम्बन्धमा, |
| ५. | २०७१.०५.०४ | कानुन तर्जूमा उपसमिति गठन गर्ने सम्बन्धमा, |
| ६. | २०७१.०५.०९ | निर्वाचन खर्च नबुझाउने उम्मेदवारहरुलाई कारवाही गर्ने सम्बन्धमा, |
